# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८१/८२

भक्तपुर नगरपालिका, भक्तपुर
८०३३३४०२३००
भक्तपुर

# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

**बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८२/८३ मिति : २०८२-१२-१२
च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
भक्तपुर नगरपालिका, भक्तपुर ,
भक्तपुर

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को एकीकृत वित्तीय विवरण तथा सोसँग सम्बन्धित अनुसूची, टिप्पणीहरू तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८२।१२।०५ मा छलफल पश्चात् तयार गरिएको पाना ५८ (अन्ठाउन्न) को प्रारम्भिक प्रतिवेदन यसैसाथ संलग्न छ। कार्यालयबाट पेस भएको वित्तीय विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम वित्तीय विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित बेहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ *दिन*भित्र फस्यौट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फस्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम कार्यपालिका प्रमुखलाई जानकारी गराइने बेहोरा निर्देशानुसार अनुरोध गर्दछु।

कृष्ण भट्ट
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ । -प्रतिवेदन संलग्न छ ।, info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, भक्तपुर ।- प्रतिवेदन संलग्न छ ।, info@fcgo.gov.np
श्री जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर ।- प्रतिवेदन संलग्न छ ।, info@dccbhaktapur.gov.np

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै शासन पद्धतिलाई सुदृढ गरी विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्वेश्यले यस भक्तपुर नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु भक्तपुर नगरपालिकाको उद्वेश्य रहेको छ । यस भक्तपुर नगरपालिका अन्तर्गत १० वडा, ४५ सभा सदस्य, ६.८८ वर्ग किलोमिटर क्षेत्रफल तथा ७८८५४ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०९।२१ देखि २०८२।०९।२९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्होरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्होराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्होरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु. ४ अर्ब ४९ करोड १५ लाख २ हजार ९३८ रुपैयाको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ । वित्तीय विवरणमा १५ वटा अन्य संस्थाहरु/निकायहरुको आय-व्यय रकम समावेश गरिएको छैन ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ११६३८६६ असुल भइ सम्बन्धित राजश्व खातामा दाखिला प्रमाण पेश भएको छ ।

| दाखिला मिति | कारोबार संकेत नं. | दाखिला खाता | वापत | दाखिला रकम (रु.) |
|---|---|---|---|---|
| २०८२।०९।३० | ६४६७०१७ | संघीय (ने बैंक लि) | प्रतिविद्यालय लागतका निकासा | १७५० |
| २०८२।१०।१५ | ०८२।७२१८५४८ | संघीय (ने बैंक लि) | छात्रवृति र अन्य बढि निकासा | १९३६०० |
| २०८२।९।३० | ०८२।६६०९५४ | संघीय (ने बैंक लि) | बढि तलब निकासा | ९१७१ |
| २०८२।९।३० | ०८२।६५९४१४६ | संघीय (ने बैंक लि) | बढि तलब निकासा र अन्य | १०१५८६ |
| २०८२।९।३० | ०८२।६५९९५४२ | संघीय (ने बैंक लि) | प्राविधिक भत्ता बढि निकासा | ५४००० |
| २०८२।१०।४ | ६४६७०२६ | संघीय (ने बैंक लि) | पाठ्यपुस्तक वापत | ९३२९ |
| २०८२।९।२४ | ४७३२२२२४४ | पालिका(ने बैंक लि) | विल भन्दा बढि भुक्तानी | १५२५५ |
| २०८२।११।२९ | ४७३२२२३१३५ | पालिका(ने बैंक लि) | बैठक भत्ता बढि भुक्तानी | १४४५० |
| २०८२।१०।१४ | ६१४०३२९ | संघीय (ने बैंक लि) | पाठ्यपुस्तक वापत | ७५०५ |
| २०८२।१०।१४ | ६१४०३३१ | संघीय (ने बैंक लि) | बढि तलब निकासा र अन्य | १०५२८२ |
| २०८२।१०।१५ | ०८२।७२१८५४८ | संघीय (ने बैंक लि) | छात्रवृत्ति र अन्य बढि निकासा | १९३६०० |
| २०८२।१०।१३ | ०८२।७१११६१४ | संघीय (ने बैंक लि) | छात्रवृत्ति बढि निकासा | ११२०० |
| २०८२।१०।४ | ६४६७०२७ | संघीय (ने बैंक लि) | छात्रवृत्ति बढि निकासा | १२०० |
| २०८२।९।३० | ६४६७०१८ | संघीय (ने बैंक लि) | छात्रवृत्ति बढि निकासा | ४३६०० |
| २०८२।१०।२३ | ०८२।७५१४३१२ | संघीय (ने बैंक लि) | छात्रवृत्ति बढि निकासा | ४००० |
| २०८२।१२।२ | ६१४०३४१ | संघीय (ने बैंक लि) | छात्रवृत्ति बढि निकासा | १२०० |
| २०८२।१२।२ | ०८२।८८१९५३१ | संघीय (ने बैंक लि) | छात्रवृत्ति बढि निकासा | २८०० |

| | | | | |
|---|---|---|---|---|
| २०८२।१०।१२ | ०८२।७०७३५६३ | संघीय (ने बैंक लि) | छात्रवृत्ति बढि निकासा | ४४०० |
| २०८२।१०।२६ | ०८२।७६६३३१५ | संघीय (ने बैंक लि) | छात्रवृत्ति र अन्य | ७४२८८ |
| २०८२।१०।१८ | ०८२।७२९८९४१ | संघीय (ने बैंक लि) | छात्रवृत्ति बढि निकासा | ३२०० |
| २०८२।१०।१४ | ६१४०३३० | संघीय (ने बैंक लि) | छात्रवृत्ति बढि निकासा | ८८०० |
| २०८२।१२।२ | ०८२।८८३४१६० | संघीय (ने बैंक लि) | छात्रवृत्ति बढि निकासा | ४०० |
| २०८२।१२।३ | ८५५४८११ | संघीय (ने बैंक लि) | छात्रवृत्ति बढि निकासा | ४६८०० |
| २०८२।११।२९ | ०८२।८७२५२७० | संघीय (ने बैंक लि) | छात्रवृत्ति बढि निकासा | ६८०० |
| २०८२।९।३० | ०८२।६५९९२६९ | संघीय (ने बैंक लि) | छात्रवृत्ति बढि निकासा | ३८४०० |
| २०८२।१२।५ | ६१४०३४३ | संघीय (ने बैंक लि) | छात्रवृत्ति बढि निकासा | २१२०० |
| २०८२।१०।२५ | ६४६७०४० | संघीय (ने बैंक लि) | छात्रवृत्ति बढि निकासा | ५२०० |
| २०८२।९।३० | ०८२।६६०७१२० | संघीय (ने बैंक लि) | छात्रवृत्ति बढि निकासा | २९२०० |
| २०८२।१०।१२ | ०८२।७०५०२७९ | संघीय (ने बैंक लि) | छात्रवृत्ति बढि निकासा | ३२४०० |
| २०८२।१२।२ | ६१४०३३९ | संघीय (ने बैंक लि) | छात्रवृत्ति बढि निकासा | २१२०० |
| २०८२।१२।२ | ०८२।८८१२६३८ | संघीय (ने बैंक लि) | छात्रवृत्ति बढि निकासा | २१२०० |
| २०८२।१२।२ | ६१४०३३८ | संघीय (ने बैंक लि) | छात्रवृत्ति बढि निकासा | १२०० |
| २०८२।१०।१२ | ६४६७०३३ | संघीय (ने बैंक लि) | छात्रवृत्ति बढि निकासा | २५६०० |
| २०८२।९।२९ | २०८२।६५२२७४१ | संघीय (ने बैंक लि) | पूर्ण खोप र HPV कार्यक्रम | १७०० |
| २०८२।९।२९ | २०८२।६५२२५३७ | संघीय (ने बैंक लि) | स्वास्थ्य कार्यक्रम अपुग भर्पाई | ५०० |
| २०८२।१०।११ | १३५५५६ | पालिका(ने बैंक लि) | पदाधिकारी बैठक भत्ता बढि भुक्तानी | ५१८५० |
| | | | जम्मा | ११६३८६६ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक विवरणको विश्लेषणः**

**वित्तीय प्रतिवेदनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।०८।२० मा नेपाल सरकार मन्त्रिपरिषदबाट जारी भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

२.१ कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरण निम्नानुसार रहेको छ ।जसमा नगरपालिका अन्तर्गतका निकायहरुको आय-व्यय विवरण समावेश गरिएको छैन ।

| प्राप्ति | | भुक्तानी | |
|---|---|---|---|
| विवरण | रकम | विवरण | रकम |
| सुरु मौज्दात | | चालु खर्च जम्मा रु. | ९१५९७९६७१.५० |
| १.संचित कोष | ३०९४४५६६९.५ | १. पालिका तर्फ | ४९३५४९२३२.४ |
| २.धरौटी | १०२११३५१ | २. संघीय सशर्त | ३६६६७३०९५.२ |
| ३.कार्यसञ्चालन कोष | १५३९५७ | ३. संघीय विशेष | ० |
| ४.अन्य कोष | | ४. प्रदेश सशर्त | ५५७५७३४४ |
| क) ख्वप टेलिभिजन | २७८१६४३ | ५. प्रदेश विशेष | ० |
| ख) भक्तपुर क्राफ्ट लि | २४८८४९२.९६ | पुँजीगत खर्च जम्मा रु. | ५२३९८५९५४ |
| ग) अरनिको सभाभावन निर्माण आयोजना | ० | १. पालिका तर्फ | ३७८४६७५९५.५ |
| घ) ख्वप अस्पताल भवन निर्माण आयोजना | ७७१७७३८.३ | २. संघीय सशर्त | ४४४२४४९ |
| ङ) प्रकोप व्यवस्थापन कोष | ७९८४१९१.५३ | ३. संघीय विशेष | ५५०००००० |
| च) शैक्षिक ऋण खाता | १४६१६५६८.२५ | ४. संघीय समपुरक | १५५००००० |
| छ) युवा उद्यमशील ऋण | २९४००००० | ५. प्रदेश सशर्त | ५७५००००० |
| ज) कर्मचारी कल्याण कोष | १९२१२५५७.३५ | ६. प्रदेश विशेष | ६३०७११७ |
| झ) थथु दरबार पुनर्निर्माण आयोजना | ११५०२४९२.९९ | ७. प्रदेश समपूरक | ६७६८७९२.५ |
| यस वर्षको आय | | वित्तीय खर्च | |

| | | | |
|---|---|---|---|
| १.आन्तरिक आय | ७१४१३९५७५.८ | ऋण फिर्ता(साँवा) | ७२५१४६३७.७४ |
| ख) राजस्व बाँडफाँट | १०६५४५ | शैक्षिक तथा युवा उद्यमशील ऋण | ११००००००० |
| २. वित्तीय हस्तान्तरण (संघ) | | अन्तर सरकारी अख्तियारी (संघ) | |
| क) समानीकरण अनुदान | १८६३६४५६० | क) सामाजिक सुरक्षा तथा संरक्षण | ३०९७६१७३२.८ |
| ख) राजस्व बाँडफाँट | ८४१४१७००.४५ | ख) स्वास्थ्य क्षेत्र सुरक्षा कार्यक्रम | ८३४५००० |
| ग) सशर्त अनुदान | ४३३७२३००० | ग) बस्ती विकास कार्यक्रम | ५००००००० |
| घ) समपूरक अनुदान | १५५०००००० | धरौटी फिर्ता तथा सदर स्याहा | ८३८७३९०.७१ |
| ङ) विशेष अनुदान | ५५०००००० | कार्यसञ्चालन कोषबाट भएको खर्च | ६७९३२४३ |
| च) रोयल्टी | | अन्य कोषबाट भएको खर्च | |
| छ) अन्य | ० | क) ख्वप टेलिभिजन | २६७५७४३ |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | ख) भक्तपुर क्राफ्ट लि | २३४७७५७.०७ |
| क) समानीकरण अनुदान | २१९८५००० | ग) अरनिको सभाभावन निर्माण आयोजना | १००४८९५४६ |
| ख) राजस्व बाँडफाँट | २३९५०२८६.७३ | घ) ख्वप अस्पताल भवन निर्माण आयोजना | ५१२३७०८ |
| ग) सशर्त अनुदान | ११८१२०००० | ङ) प्रकोप व्यवस्थापन कोष | २२४०५८४ |
| घ) समपूरक अनुदान | १३२०००००० | च) शैक्षिक ऋण खाता | ४३३६७२२९.५७ |
| ङ) विशेष अनुदान | ६५००००० | छ) युवा उद्यमशील ऋण | ५७४७१७३.६ |
| च) रोयल्टी | | ज) कर्मचारी कल्याण कोष | ४७४६५९६१ |
| अन्तर सरकारी अख्तियारी (संघ) | | झ) थथु दरबार पुननिर्माण आयोजना | १२८७५९४३ |
| क) सामाजिक सुरक्षा तथा संरक्षण | ३०९७६१७३२.८ | अन्य खर्च भएमा | |
| ख) स्वास्थ्य क्षेत्र सुरक्षा कार्यक्रम | ८३४५००० | अनुदान फिर्ता | |
| ग) बस्ती विकास कार्यक्रम | ५००००००० | १. संघ तर्फ | |
| | | क) सशर्त अनुदान | ६२६०७४५५.८५ |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | | ख) विशेष अनुदान | ० |
| ६. ऋण/ वित्तीय व्यवस्था | | ग) समपूरक अनुदान | ० |
| ७. धरौटी आय | २०२५३९६२.३८ | २. प्रदेश तर्फ | |
| ८. कार्यसञ्चालन कोष आय | ६८००००० | क) सशर्त अनुदान | ४८६२६५६ |
| ९. अन्य कोष | | ख) विशेष अनुदान | १९२८८३ |
| क) ख्वप टेलिभिजन | ७५४१४५४.९ | ग) समपूरक अनुदान | ६४३१२०७.५ |
| ख) भक्तपुर क्राफ्ट लि | २५१४६३७.४५ | अन्तिम मौज्दात | |
| ग) अरनिको सभाभावन निर्माण आयोजना | १०११०४४७६ | १. संचित कोषको मौज्दात | ३८४६०१८७१.८ |
| घ) ख्वप अस्पताल भवन निर्माण आयोजना | ७०७६५.९६ | २. धरौटी | २२०७७९२२.६७ |
| ङ) प्रकोप व्यवस्थापन कोष | २५००००० | ३. कार्यसञ्चालनकोष | १६०७१४ |
| च) शैक्षिक ऋण खाता | ३४६९२५१२.१४ | ४. अन्यकोष | |
| छ) युवा उद्यमशील ऋण | १०१४४९०.५९ | क) ख्वप टेलिभिजन | ७६४७३५४.९ |
| ज) कर्मचारी कल्याण कोष | ५०८१९३०९.४६ | ख) भक्तपुर क्राफ्ट लि | २६५५३७३.३४ |
| झ) थथु दरबार पुननिर्माण आयोजना | २०१५८४५१.०२ | ग) अरनिको सभाभावन निर्माण आयोजना | ६१४९३० |
| १२. अन्य आय भएमा | ० | घ) ख्वप अस्पताल भवन निर्माण आयोजना | २६६४७९६.२६ |
| | | ङ) प्रकोप व्यवस्थापन कोष | ८२४३६०७.५३ |
| | | च) शैक्षिक ऋण खाता | ५९४१८५०.८२ |
| | | छ) युवा उद्यमशील ऋण | २४६६७३१६.९९ |
| | | ज) कर्मचारी कल्याण कोष | २२५६५९०५.८१ |

| | | | |
|---|---|---|---|
| | | झ) थथु दरबार पुनर्निर्माण आयोजना | १८७८५००१.०१ |
| जम्मा | २७०३८२२१२३ | जम्मा | २७०३८२२१२३ |

सूत्र प्रणालीबाट तयार भएको एकिकृत वित्तिय विवरण अनुसूची खण्डमा समावेश गरिएको छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता-** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं२७०) तयार गर्नुपर्छ ।पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.३०,९७,६१,७३२.८०, स्वास्थ्य क्षेत्र सुरक्षा कार्यक्रमको रु. ८३,४५,०००, बस्ती विकास कार्यक्रमको रु.५,००,००,००० र अन्य कोषहरुको खर्च रु. २२,२३,३३,६४५.२२ समेत गरी रु. ५९,०४,४०,३७८.०२ सुत्रमा लेखाङ्कन गरेको छैन ।जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणले सम्पूर्ण कारोबार नसमेटेको हुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन ।

सैद्धान्तिक बेरुजु

२.३ **फरक हिसाब-** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकिकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.९,५७,०३,६८४.३८ ,यस वर्षको प्राप्ति रु. ७८,४९,७८,९४८.४१ , यस वर्षको भुक्तानी रु.६७,९७,१५,२१४.०६ र बैंक मौज्दात रु.९,३३,९०,४०५.७ फरक परेको छ ।विभिन्न कोषहरु सुत्र भन्दा बाहिर रहेकोले हिसाब फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| एकिकृत आर्थिक विवरणअनुसार | ४१५५१४६६१.८६ | २३८४०११९४५ | २२०३१९५४७७.३ | ५००६२६६४५.२ |
| सूत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ३१९८१०९७७.४८ | १५९९०३२१९६.५९ | १५२३४८०२६३.२४ | ४०७२३६२३९.५ |
| फरक | ९५७०३६८४.३८ | ७८४९७८९४८.४१ | ६७९७१५२१४.०६ | ९३३९०४०५.७ |

सैद्धान्तिक बेरुजु

२.४ **बैङ्क हिसाब विवरण-** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(१) (२) अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैंक हिसाब मिलान विवरण (म.ले.प. फा.नं.२१२) तयार गरी हिसाव भिडान समेत गर्नुपर्दछ। पालिकाको आर्थिक वर्षको अन्तको स्रेस्ता र बैंक अनुसारको विभिन्न खाताको मौज्दातको अवस्था देहायअनुसार रहेको छ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०८२ असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८२ असार मसान्तको बाँकी |
|---|---|---|---|
| १ | सञ्चित कोष | ३८४६०१८७१.८३ | ३८४६०१८७१.८३ |
| २ | चालु खाता | ० | ० |
| ३ | पूँजीगत खाता | ० | ० |
| ४ | वित्तीय खर्च खाता | ० | ० |
| ५ | धरौती खाता | २२०७७९२२.६७ | २२०७७९२२.६७ |
| ६ | विविध खर्च खाता | १६०७१४ | १६०७१४ |
| ७ | क) ख्वप टेलिभिजन | ७६४७३५४.९ | ७६४७३५४.९ |
| ८ | ख) भक्तपुर क्राफ्ट लि | २६५५३७३.३९ | २६५५३७३.३९ |
| ९ | ग) अरनिको सभाभावन निर्माण आयोजना | ६१४९३० | ६१४९३० |
| १० | घ) ख्वप अस्पताल भवन निर्माण आयोजना | २६६४७९६.२६ | २६६४७९६.२६ |
| ११ | ङ) प्रकोप व्यवस्थापन कोष | ८२४३६०७.५३ | ८२४३६०७.५३ |
| १२ | च) शैक्षिक ऋण खाता | ५९४१८५०.८२ | ५९४१८५०.८२ |
| १३ | छ) युवा उद्यमशील ऋण | २४६६७३१६.९९ | २४६६७३१६.९९ |
| १४ | ज) कर्मचारी कल्याण कोष | २२५६५९०५.८१ | २२५६५९०५.८१ |
| १५ | झ) थथु दरबार पुनर्निर्माण आयोजना | १८७८५००१.०१ | १८७८५००१.०१ |
| जम्मा | | ५००६२६६४५.२१ | ५००६२६६४५.२१ |

सैद्धान्तिक बेरुजु

३ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने आधार देखिएन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालीकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन तथा पालिका दररेट जिल्ला दररेटभन्दा बढी भएको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) विपरीत उपभोक्ता समितिलाई ३० प्रतिशत भन्दा बढी पेश्की भुक्तानी दिने गरेको,

•१ लाख भन्दा कमको निर्माण /मर्मत कार्यको लागत अनुमान/ एम.वी. पेश नगरेको,

•जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत सम्भार। लिलाम विक्रीको कार्य नगरेको,

•ढुवानीको दर वडा पिच्छे फरक परेको,

•पटके भुक्तानी वैठक भत्ता लगायतको भुक्तानी गर्दा वडाहरुले १ प्रतिशत मात्र कर कट्टी गरेको ,

•मर्मत आदेश स्वीकृत नगरी मर्मत सम्मारको कार्य गरेको,

•केही वडाहरुमा खप्ने र नखप्ने जिन्सीको अभिलेख नभएको (जस्तै वडा नं २),

•आर्थिक वर्ष फरक पारेर भुक्तानी गरेको (वडा नं ७),

•पालिकाले २०८१।८२ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसूची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,

•संस्थागत सहायताहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा इन्ट्री गरेको पाइएन,

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन,

• निर्माण कार्यको लागत अनुमान तयार गरेको जनाएकोमा केही निर्माण कार्यको श्रेस्तासँग लागत अनुमान तथा दर विश्लेषण साथमा संलग्न गरेको पाईएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम (१०) बमोजिम स्थानिय तहले एकिकृत वित्तीय प्रतिवेदन तयार गरी

प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको पाइएन,

• दिगो विकास योजना (२०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन,

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन,

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन ।कन्टेन्जेन्सी रकम मध्ये दैनिक भ्रमण भत्ता, गाडी भाडा र योजना अनुगमनमा खर्च गर्ने गरेको,

• शीर्षक फरक पारी खर्च लेख्ने गरेको,

• प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम कार्य विवरण बनाई लागु गरेको पाइएन,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पतिको संकलन गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले सार्वजनिक सम्पत्तिहरुको अभिलेख राखेको पाइएन,

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोबार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय संयन्त्र बनाई सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक वर्षको अन्त्यमा मात्र गराएको पाइयो । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण त्रैमासिक रुपमा गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **वर्षान्तमा रकमान्तरः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीनमा रहि कुनै शीर्षकबाट पूँजिगत शीर्षकमा पच्चिस प्रतिशतले नबढाई रकमान्तर गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाले ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि तोकिएको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा यस पालिकाले २०८१ आषाढमा आर्थिक वर्ष ०८१।८२ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी हिउँदे सभाको निर्णयबाट विभिन्न ३१ कार्यक्रम तथा योजनाको रु १७८६८५०००।- बजेट घटाई विभिन्न ५६ योजना तथा कार्यक्रममा रु १७८६८५०००।- बजेट वृद्धि गरी खर्च गरेको छ । यसरी सभाबाट स्वीकृत कार्यक्रम घटाई हिउँदे सभाबाट निर्णय गराई अन्य योजना तथा कार्यक्रममा खर्च गरेको देखिन्छ।

सैद्धान्तिक बेरुजु

६ **आवधिक योजनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय, क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्नेमा पालिकाले आवधिक योजना तयार गरेको पाईएन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **बजेट सीमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु वैशाख १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण गर्नुका साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **बजेट तथा कार्यक्रम तर्जुमा:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

९ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा उप प्रमुखले मिति २०८१।३।१० गते रु २ अर्ब ६६ करोड ४३ लाख १० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।१४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **बजेट खर्चः**

आर्थिक वर्ष २०८१।८२ को पालिकाको कुल बजेट खर्च मध्ये चालु र पुँजीगत खर्च देहाय बमोजिम गरेको छ ।

| कुल बजेट संशोधन सहित | कुल बजेट खर्च रु | सुत्र बाहिरको कोषसहितको चालु खर्च रु. | प्रतिशत | सुत्र बाहिरको कोषसहितको पुँजीगत खर्च रु. | प्रतिशत | वित्तीय खर्च रु | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| २,६६,४३,१०,००० | १८९८५४९३८३.६४ | १,२३,४२,५५,५४८.९० | ६५। ०१ | ५८,०७,७९,१९७ | ३०। ५९ | ८३५१४६३७। ७४ | ४।३९ |

उपर्युक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु २ अर्ब ६६ करोड ४३ लाख १० हजार बजेट विनियोजन भएकोमा चालु तर्फ रु १ अर्ब २३ करोड ४२ लाख ५५ हजार, पुँजीगत तर्फ रु ५८ करोड ७ लाख ७९ हजार र वित्तीय खर्च रु ८ करोड ३५ लाख १४ हजार गरी कुल खर्च रु १ अर्ब ८९ करोड ८५ लाख ४९ हजार अर्थात कुल खर्चको तुलनामा ३०.५९ प्रतिशत पूँजिगतमा, ६५.०१ प्रतिशत चालुमा र ४.३९ प्रतिशत वित्तीय खर्च भएको छ ।

सैद्धान्तिक बेरुजु

११ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.७१४१३९५७५.७६।- राजस्व बाँडफाँडवाट रु.१०८१९८५३२.१८।– अन्य आय रु. ३७५०७५८७७.४० गरी जम्मा रु. ११९७४१३९८५.३४ ।- र अनुदानबाट रु. ८५०३९२५६०।- समेत रु २०४७८०६५४५.३४।- आम्दानी भएकोमा चालु तर्फ रु. १२३४२५५५४८.९०।-, पूँजिगत तर्फ रु. ५८०७७९१९७।– र वित्तीय खर्च रु ८३५१४६३७।७४ समेत रु १८९८५४९३८३.६४।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३७.६१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी पारिश्रमिक तथा अन्य सुविधामा रु ८११२५५९।- खर्च भएको छ जुन आन्तरिक आयको १.१३ प्रतिशत रहेको छ । पालिकाले कुल खर्चको तुलनामा ६५.०१ प्रतिशत चालु, ३०.५९ प्रतिशत पूँजिगत र ४.३९ वित्तीय खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **क्षेत्रगत बजेट र खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम बजेट पास गर्दा स्थानीय तहको एकिकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाको २०८१/८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| सि.नं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत खर्चको तुलतामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १२३९६०००० | ५९४२४४७८.६२ | ३.१४ |
| २ | सामाजिक विकास | १२५४१६१००० | ९५६७०३४१३.८१ | ५०.३८ |
| ३ | पूर्वाधार विकास | ७७५२०५००० | ४९९९३७०५१.७४ | २६.३४ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८९३२००० | ३८१६०४४ | ०.२ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ५०२०५२००० | ३७८६६८३९५.४७ | १९.९४ |
| | जम्मा | २६६४३१०००० | १८९८५४९३८३.६४ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन भई खर्च गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५०.३८ प्रतिशत र सबै भन्दा घटी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा अर्थात ०.२० प्रतिशत खर्च रहेको छ ।

सैद्धान्तिक बेरुजु

१३ **अनुदान फिर्ताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा वाँकि रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले फिर्ता गर्नुपर्ने व्यवस्था छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | सशर्त | ४३३७२३००० | ३७११९५५४४.२ | ६२६०७४५५.८५ |
| | विषेश | ५५०००००० | ५५०००००० | ० |
| | समपूरक | १५५००००० | १५५००००० | ० |

| जम्मा | | ५०४२२३००० | ४४१६१५५४४.२ | ६२६०७४५५.८५ |
|---|---|---|---|---|
| प्रदेश सरकार | सशर्त | ११८१२०००० | ११३२५७३४४ | ४८६२६५६ |
| | विषेश | ६५००००० | ६३०७११७ | १९२८८३ |
| | समपूरक | १३२००००० | ६७६८७९२.५ | ६४३१२०७.५ |
| जम्मा | | १३७८२०००० | १२६३३३२५३.५ | ११४८६७४६.५ |
| कुल जम्मा | | ६४२०४३००० | ५६७९४८७९७.७ | ७४०९४२०२.३५ |

उपर्युक्त विवरण अनुसार संघीय सरकारबाट रु ५० करोड ४२ लाख २३ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु ४४ करोड १६ लाख १५ हजार बजेट खर्च भई बाँकी रु ६ करोड २६ लाख ७ हजार मिति २०८१।३।३२ मा सङ्घीय संचित कोषमा फिर्ता गरेको देखिन्छ । त्यस्तै प्रदेश सरकारबाट रु १३ करोड ७८ लाख २० हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु १२ करोड ६३ लाख ३३ हजार खर्च भएको देखिन्छ भने खर्च गर्न बाँकी रकम रु १ करोड १४ लाख ८६ हजार मिति २०८१।३।३२ मा प्रदेश संचित कोषमा फिर्ता देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१४ **ठेक्का बन्दोवस्तः**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धी संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | ४ | ९५९९०८८७.२९ | - | - | - | - | ४ | ७३१६९९४१.०५ | ४ | ७०८०१४६१.६९ |

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले विभिन्न कार्यको लागि रु ९ करोड ५९ लाख ९० हजार लागतको ४ ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिक र दोस्रो चौमासिकमा ठेक्का बन्दोबस्त नभई तेस्रो चौमासिकमा रु ७ करोड ३१ लाख ७९ हजारमा ४ ठेक्का सस्झौता भएको भएको देखिन्छ । ठेक्का व्यवस्थापन मार्फत ४ वटा योजनाहरुमा रु ७ करोड ८ लाख १ हजार खर्च भई आर्थिक वर्षको अन्त्यसम्ममा ४ वटा नै ठेक्का सम्पन्न भएका छन् ।

सैद्धान्तिक बेरुजु

१५ **ठेक्का व्यवस्थाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ६.३९ देखि ४०.१७ प्रतिशत सम्म घटीमा कबोल गर्ने योजना कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको देखिन्छ। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका योजनाहरुको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाताको संख्या | बोलपत्रदाताको नाम | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | खँचा पुखु स्वास्थ्य चौकी निर्माण कार्य | bktmun/NCB/works/ 01/081/82 | ११ | Newa Construction, Thimi | १४२४६१६१.८७ | ९१३१२६२.६३ | ३५.९ |
| २ | तारा लाँ बाटो स्तरोन्नति कार्य | bktmun/NCB/works/ 02/081/82 | ३ | Iskra/Abhiyanta J.V., Koteshwor, Kathmandu | २३४११८६०.२४ | १४००७८३२.४९ | ४०.१७ |
| ३ | शीत भण्डारण गृह भवन निर्माण कार्य (तेस्रो चरण) | bktmun/NCB/works/ 03/081/82 | ४ | Buildcon Design and Developers Pvt. Ltd., Bharatpur-9, Chitwan | ३९८३४३३२.२९ | ३७२८७१७३.१३ | ६.३९ |
| ४ | नगरका विभिन्न सडकहरुको स्तरोन्नति कार्य | bktmun/NCB/works/ 04/081/82 | १ | Standard Asphalt and Construction Company Pvt. Ltd., Liwali, Bhaktapur | १८४९८५३२.८९ | १२७४३६७२.८ | ३१.११ |

सैद्धान्तिक बेरुजु

१६ **सेवा प्रवाहको स्थितिः**

पालिकाले यस आर्थिक वर्ष २४२८ जनालाई देहाय बमोजिमको पञ्जीकरण सेवा उपलब्ध गराएको छ ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्मदर्ता | ११०९ |

| | |
|---|---|
| मृत्युदर्ता | ५०१ |
| बसाईसराई दर्ता | ७७ |
| विवाह दर्ता | ६८६ |
| सम्बन्धविच्छेद दर्ता | ५५ |
| जम्मा | २४२८ |

उपरोक्त विवरण अनुसार यस वर्ष जन्मदर्ता ११०९, मृत्यु दर्ता ५०१, बसाईसराई दर्ता ७७, विवाह दर्ता ६८६, सम्बन्ध विच्छेद ५५ गरी २४२८ जनालाई पञ्जिकरण सेवा प्रवाह गरेको छ ।

सैद्धान्तिक बेरुजु

१७ **नक्सा दर्ता र पासः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७(१) मा गाउँपालिका/नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाको भवन निर्माण ईजाजात शाखाबाट भएको नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छः

| क्र.सं. | आर्थिक वर्ष | नक्सा दर्ता संख्या | नक्सापास संख्या |
|---|---|---|---|
| १ | २०८१।८२ | ४०९ | ३८६ |

उपरोक्त विवरण अनुसार यस वर्षको अवधिमा पालिकाले जम्मा ४०९ वटा नयाँ नक्सा दर्ता र ३८६ वटा नक्सापास गरेको छ भने नक्सा अभिलेखिकरणको काम गर्ने गरेको छैन। त्यसैगरी पालिकाले नक्सा दर्ता र पास गर्दा भवन संहिताको प्रभावकारी पालना र कार्यान्वयनलाई ध्यान दिंदै नक्सा पास र अद्यावधिक तथा अभिलेखिकरणको कार्य लाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

१८ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यवोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकतालाई समेत ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तया व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत-१, मेडिकल अधिकृत स्तर आठौं-१, सहित विभिन्न ६०१ दरवन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म स्थायी १६३ र करार २२१ जना ज्यालादारी ५२ र भोलेन्टियर ५ समेत ४४१ जना पदपूर्ति भएको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१९ **तलबी प्रतिवेदन सम्बन्धमाः**

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । पालिकाले यस वर्ष नगरसभाबाट तलबी प्रतिवेदन पारित गरी पालिका तर्फका १६३ जना कर्मचारीको तलबमा रु ७८०६५२२१ र ग्रेडमा रु १५११८५१९ समेत रु ९३१८३७४० तलब भुक्तानी गरेको छ।कानूनले तोकेबमोजिमको निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **कर्मचारी व्यवस्थाः**

स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको काममा सेवा करारबाट लिने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र विना प्रस्ताव दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले यस वर्ष २२१ जना करारमा नियुक्त गरी रु ६६२२६९५३ तलब भत्ता भुक्तानी गरेको पाइयो ।

सैद्धान्तिक बेरुजु

२१ **रिक्त पदको सूचना नदिएकोः**

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्र पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी ६०१ जना रहेकोमा १६३ जना स्थायी, २२१ जना करार ५२ जना ज्यालादारी र ५ जना भोलेन्टियर गरी ४४१ जना कार्यरत रही १६० पद रिक्त रहेका छन् । तर पालिककाले गत विगत वर्षहरु झै यो वर्षको लेखापरीक्षण अविधसम्म रिक्त पद पूर्तिको लागि तोकिए बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएको छैन ।

सैद्धान्तिक बेरुजु

२२ **स्वत: पद रिक्तः**

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १५(१) अनुसार स्थानीय सेवाको पदमा करार सेवामा पदपूर्ति हुने पदहरु बाहेक अन्य पदहरुमा करार मार्फत पदपूर्ती गर्न नपाईने तथा दफा १५(२) अनुसार उपदफा (१) विपरित गरिएको नियुक्ती स्वत: बदर भएको मानिने उल्लेख छ । तर पालिकाले प्रदेश कानून आए पश्चात पनि आर्थिक वर्ष २०८१/८२ का लागि समेत तोकिए बमोजिम रिक्त पदको सूचना नपठाई ३५ जनालाई करारमा नियुक्त गरी रु १६०२३३१९

भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिनुका साथै उक्त करार सम्झौता स्वत: निष्क्रिय हुने देखिन्छ । साथै स्वत: बदर हुने करार सम्झौताका आधारमा तलब भत्ता भुक्तानी हुन सक्ने हुँदा स्थानीय सेवा गठन तथा सञ्चालन ऐन बमोजिम पदपूर्ती गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **कर्मचारी कल्याण कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ अनुसार स्थानीय तहले स्थानीय सेवाका कर्मचारीको अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि स्थानीय तहले दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको तलबबाट १० प्रतिशत कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थपि जम्मा हुने गरी अवकाश कोष स्थापना गरी स्थानिय सेवाका कर्मचारी अवकाश हुँदा सोही अवकाश कोषबाट सुविधा प्रदान गर्नुपर्ने व्यवस्था छ । उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिकाले कर्मचारी कल्याण कोषको व्यवस्था गरेको भए तापनि सो कोषमा कर्मचारीको तलबबाट कुनै योगदान नभई पालिकाले प्रत्येक वर्षको बजेटबाट निश्चित रकम विनियोजन गरी सो कोषमा जम्मा गर्ने गरेको र कर्मचारी अवकाश हुँदा सोही कोषबाट उपदान तथा सञ्चित विदाको रकम उपलब्ध गराउँदै आएको छ । यो वर्ष पालिकाको विगत वर्षको मौज्दात रु. १,९२,१२,५५७.३५ र बैंकबाट प्राप्त ब्याज रु.८,१९३०९.४६ गरी जम्मा रु.२००३१८६६.८१ मौज्दात रहेकोमा यस आर्थिक वर्षमा रु.५,००,००,००० विनियोजन गरी उक्त कोषमा जम्मा रु.७००३१८६६.८१ रहेकोमा यो वर्ष रु.४७४६५९६१ अवकाश भएका कर्मचारीलाई वितरण गरेको छ भने रु.२२५६५९०५.८१ यस आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको देखिन्छ । यसरी कानूनको व्यवस्था नगरी कर्मचारी कल्याण कोषमा रकम रकमान्तर गर्दा सम्बन्धित कर्मचारीको तलबबाट १० प्रतिशत कट्टी गर्ने र सोही अनुसारको रकम मात्र कल्याण कोषमा दाखिला गर्ने प्रणालीको विकास गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **उपदान भुक्तानीः**

तत्कालीन स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६९(ग) मा स्थानीय निकायको स्वीकृत दरबन्दीको कुनै पदमा एक वर्षभन्दा बढी अवधिसम्म सेवा गरेको स्थानीय निकायको कुनै कर्मचारीले सो सेवालाई अविच्छिन्न राखी सोही पदमा स्थायी नियुक्ति पाएको भए बढुवा प्रयोजनका लागि साबिकमा निजले गरेको सेवा अधिकृत स्तरमा भए ६६ प्रतिशत र सहायक स्तरमा भए ७५ प्रतिशत गणना गरिनेछ भन्ने व्यवस्था रहेको छ । साथै नियम २६८ मा कर्मचारीले पाउन सक्ने उपदानको दर पनि तोकिदिएको छ । बागमती प्रदेशबाट जारी स्थानीय तहका सेवाको गठन तथा सञ्चालन गर्न बनेको ऐन २०७९ को दफा ८४(१) मा नोकरी अवधि गणना गर्दा कर्मचारीले स्थायी नियुक्ति भई निरन्तर नोकरी गरेको अवधिलाई गणना गर्न सकिने, ८४(३) मा सेवा अवधि गणना गर्ने सम्बन्धमा स्थानीय तहले आवश्यक निर्णय गर्न सक्ने र भक्तपुर नगरपालिकाको स्थानीय सेवा (कर्मचारी) गठन, संचालन, व्यवस्थापन, सेवा शर्त तथा सुविधा सम्बन्धमा बनेको ऐन, २०८० को परिच्छेद १० दफा ७१(१)(छ) मा व्यवस्था भए बमोजिम अस्थायी, करार, मासिक ज्यालादारी, दैनिक ज्यालादारी नियुक्ति भई अविछिन्न सेवा गरी स्थायी भई अवकाश पाएमा निजको अस्थायी, करार, मासिक ज्यालादारी, अवधि गणना गरी उदान दिनसक्ने व्यवस्था छ । स्थानीय तहमा सुरुमा ज्यालादारी तथा अस्थायी सेवामा नियुक्त भएका कर्मचारीहरुको सोही अवधिदेखिको समयावधि समेत जोडी तत्कालीन संघीय कानून र हालको प्रदेश कानूनको उपरोक्त व्यवस्था भन्दा फरक हुने गरी सेवा अवधि गणना गरी यो वर्ष लेखापरीक्षणमा प्राप्त विवरण अनुसार देहायका ९ कर्मचारीलाई उपदान भुक्तानी गर्दा संघ र प्रदेश कानूनसँग बाझिने गरी कानून निर्माण गरी सोही अनुरुप ज्यालादारी करार र अस्थायी रुपमा काम गरेको समयावधि समेत गणना गरी रु.३१७१०९३० उपदान रकम भुक्तानी गरेकोमा रु ५७८७८७९।३९ अस्थायी/ करार अवधिको हुने हुँदा पलिकालाई थप व्ययभार परेकोले नियमसम्मत नभएको रु.

| विवरण | कार्यालय सहयोगी भुवन बहादुर बखुन्छें | मेहतर पाँचौ ज्ञान कुमारी पोडे | वरिष्ठ सहायक पाँचौ दामोदर लिवी | सफाई मजदुर सिता राम जतिजु | अधिकृत छैठौं विष्णु केशरी जोशी | वरिष्ठ सहायक पाँचौ गोविन्द राम थुसा | अधिकृत छैठौ रमेश त्वीत्वी | लाइट ड्राइभर मनोज कुमार छुकां | वरिष्ठ सहायक पाँचौ बाबु काजी श्रेष्ठ |
|---|---|---|---|---|---|---|---|---|---|
| ज्यालादारी/ अस्थायी नियुक्ति मिति | २०५१।१।२३ | २०४५।१०।१७ | २०५३।४।१३ | २०५४।६।७ | २०४०।११।११ | २०४७।८।३ | २०४४।८।१७ | २०५५।२।२१ | २०५०।८।३ |
| स्थायी नियुक्ति मिति | २०५२।३।१ | २०५३।४।१ | २०६४।३।१ | २०६३।१२।२५ | २०५०।३।२ | २०५०।३।३१ | २०५०।६।२७ | २०६३।१२।२५ | २०५२।३।१ |
| अवकाश मिति | २०८१।३।२७ | २०८१।४।१० | २०८१।७।७ | २०८१।७।१२ | २०८१।८।२ | २०८१।११।३ | २०८१।१०।२० | २०८२।२।१५ | २०८२।३।१७ |
| ज्यालादारी समेत सेवा अवधी | ३० वर्ष २ महिना ३ दिन | ३५ वर्ष ५ महिना २२ दिन | २८ वर्ष २ महिना २३ दिन | २७ वर्ष १ महिना ४ दिन | ४० वर्ष ९ महिना | ३५ वर्ष १२ दिन | ३७ वर्ष २ महिना २२ दिन | २६ वर्ष ११ महिना २३ दिन | ३१ वर्ष ७ महिना १४ दिन |
| अस्थायी सेवा अवधी | १ वर्ष १ महिना ८ दिन | ५ वर्ष १० महिना | १० वर्ष १० महिना १८ दिन | ८ वर्ष ३ मिहन २४ दिन | ९ वर्ष ४ महिना १ दिन | ३ वर्ष ५ महिना १२ दिन | ५ वर्ष १० महिना १० दिन | ८ वर्ष १० महिना ४ दिन | १ वर्ष ६ महिना १ दिन |
| अवकास बखतको मासिक तलब स्केल | ३७२३६ | ३७२३६ | ४६३१० | २९४५२ | ५२४२५ | ४६३१० | ५२४२५ | ३५५६१ | ४६३१० |
| भुक्तानी दिएको | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| उपदान | २८०८९८० | ३३०२५४७ | ३२६८२९० | १९९४९५२ | ५३४०७९६ | ४०५५९३१ | ४८७१८७३ | २३९८५६० | ३६६१००१ |
| स्थायी अवधी बाहेकको भुक्तानी भुक्तानी | १०२८८७।८२ | ५४३०२४।९९ | ११७८३१८ | ६१२२८८।९ | १२२३६०९ | ३९९३७० | ७६८१२२ | ७८६२७९।६८ | १७३९७९ |

| अनियमित भएको | ५७,८७,८७९ |
|---|---|

२५ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकिकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र १५६ वटा सहकारी संस्था रहेका छन् ।पालिका भित्रका सहकारी संस्थाहरुले एकिकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने जोखिम रोक्न प्रचलित कानुनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित अनुगमन गरिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६ **सहकारी संस्थाको विवरणः**

पालिकामा मातहत रहेका सहकारी संस्थाको यस वर्षको विवरण देहाए बमोजिम रहेको छ ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पूँजी रु | बचत रु | ऋण लगानी रु | जगेडा कोष |
|---|---|---|---|---|---|---|
| वचत तथा ऋण सहकारी संस्था लि. | १३० | ८६६४४ | ९१०९०८३७० | ८०९३२०१४५१ | ७६४३८५७९४० | ३५९४१६०९० |
| बहुउदेश्यीय सहकारी संस्था लि. | ५ | १४२१ | १२४६३३०० | ६२९७२२६० | २७२८५३० | १९२८९ |
| कृषि सहकारी संस्था लि. | १३ | ३८६८ | २९८००१०० | १०९०४९१९८ | १२१५२११३९ | १८३६५४० |
| अन्य | ८ | १५१८ | १८०९१७०० | ६२२१६२३३ | ५७५८९७६६ | १८६२६३४ |
| जम्माः | १५६ | ९३४५१ | ९७१२६३४७० | ८३२७२३९१४१ | ७८७४७०३४६३ | ३६५८४७९४ |

पालिका अन्तर्गतका १५६ वटा सहकारी संस्थाहरुमा ९३४५१ वचतकर्ता रहेका छन ।उक्त सहकारी संस्थाहरुमा वचतकर्ताको रु ९७१२६३४७०।- को शेयर पूँजी, रु ८३२७२३९१४०.९२।- वचत रकम रु ७८७४७०३४६३.०९।- ऋण लगानी र रु ३६५८४७९४.०२ को जगेडा कोष रहेको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२७ **सहकारी संस्थाको अनुगमनः**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र संचालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरेको विवरण देहाय बमोजिम रहेको छ ।

| पालिकामा दर्ता भएका सहकारी संस्थाको संख्या | अनुगमन गरेका सहकारी संस्थाको संख्या | अनुगमनबाट देखिएका प्रमुख व्यहोराहरु | अनुगमन प्रतिवेदन उपर गरेको कारबाही |
|---|---|---|---|
| १५६ | ८ | संचालक समितिबाट रकम अपचलन | सम्पति रोक्का तथा खाताहरु रोक्का |

पालिकामा दर्ता भएका १५६ वटा सहकारी संस्थाहरु मध्ये ८ वटा सहकारीको मात्र अनुगमन गरेको विवरण पेश भएको छ। अनुगमन प्रतिवेदनमा संचालक समितिबाट रकम अपचलन भएको पाइएकोले सम्पत्ति तथा खाता रोक्का प्रक्रिया प्रारम्भ गरेको पालिकाले जनाएको छ । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने जोखिम रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित अनुगमन गरी वचतकर्ताको लगानी सुनिश्चित गरिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२८ **त्रैमासिक पुँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| सि.न | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | ४४४२४४९ | | | १६५०००० | २७९२४४९ | २७९२४४९ |
| २ | प्रदेश पूँजीगत | ५७५००००० | १६००००० | २५५०००० | ३२७७८४९४ | २०५७१५०६ | ० |
| ३ | नगरपालिका पूँजीगत | ५१८८३६७४८ | ३५६०१८७५ | १५०८२०४०७ | ८५५९८६९८ | २४६८१५७६८ | १५४६५०५०२ |
| | कूल खर्च | ५८०७७९१९७ | ३७२०१८७५ | १५३३७०४०७ | १२००२७१९२ | २७०१७९७२३ | १५७४४२९५१ |
| | खर्च प्रतिशत | १०० | ६.४ | २६.४१ | २०.६६ | ४६.५२ | २७.११ |

उपरोक्त विवरण अनुसार पुँजीगत तर्फ वार्षिक रु ५८ करोड ७ लाख ७९ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु ३ करोड ७२ लाख १ हजार (६.४० प्रतिशत), दोस्रो त्रैमासिकमा रु १५ करोड ३३ लाख ७० हजार (२६.४१ प्रतिशत) तेस्रो त्रैमासिकमा रु १२ करोड २७ हजार (२०.६६ प्रतिशत) र चौथो त्रैमासिकमा रु २७ करोड १ लाख ७९ हजार (४६.५२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु १५ करोड ७४ लाख ४२ हजार (२७.११ प्रतिशत) खर्च गरेको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तर र परिमाणमा समेत जोखिम थपिन सक्ने देखिन्छ।विकास खर्चको आधाभन्दा बढी रकम असार महिनामा खर्च गरेको देखिएकोले सन्तुलित रुपमा चौमासिक खर्च गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

२९ **योजना प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार १० वडाको लागि वडागत र पालिकास्तरका कुल २८९ योजनामा बजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १६६ | ५४ | २९ | ८३ |
| २ | वडास्तरीय | १२३ | ४ | ६८ | ५१ |
| जम्मा | | २८९ | ५८ | ९७ | १३४ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु ५ लाख भन्दा कमका १३४ वटा (४६.३७%) र योजना ५ लाख देखि २० लाख सम्मका ९७ वटा र रु२० लाख माथिका ५८ वटा गरी २८९ योजनामा बजेट विनियोजन गरी सञ्चालन गरेको देखियो । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि हुँदै जाने हुनाले गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, जनताको जीवनस्तर र रोजगारी बढ्ने, दिगो विकास, वातावरणिय संरक्षण, सामाजिक समावेशीकरण अभिवृद्धि हुने योजना छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **योजना छनौट तथा कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष छनौट गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।यसरी सकेसम्म लागत प्रभावी बनाउदै परिणाममुखी र प्रभावकारी योजना छनौट एंवम कार्यान्वयनका जोड दिनु पर्नेमा निम्न बमोजिमका २८७ वटा योजनाहरुमा रु. ३३८२२२७२३.८ खर्च गरेको देखिन्छ । योजनाहरुको छनौट गर्दा ठूला र महत्वपूर्ण योजनाको छनौट गरी पालिकाको दिगो विकासमा जोड दिई वातावरणीय मानवीय र आर्थिक सम्भावनालाई विशेष जोड दिनु पर्दछ ।

| सि.नं. | योजनको आकार | संख्या | भुक्तानी रकम |
|---|---|---|---|
| 1 | १ लाख सम्मका | ९५ | ७३४३०२५.३ |
| 2 | १– २ लाख सम्मको | १० | १०७४९०८.८६ |
| 3 | २– ५ लाख सम्मको | ४२ | १०४१९१७९.४९ |
| 4 | ५– १० लाख सम्मको | ४१ | २२८४६९८५.०१ |
| 5 | १०– २० लाख सम्मको | ४० | ४३२०७९२६.९१ |
| 6 | २० लाख माथी | ५९ | २५३३३०६९८.१८ |
| | जम्मा | २८७ | ३३८२२२७२३.८ |

सैद्धान्तिक बेरुजु

३१ **वार्षिक खरिद गुरुयोजनाः**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने तथा नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत लाभग्राही समुदाय समेतवाट वार्षिक रु ५८ करोड ७ लाख ७९ हजार पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेकोमा खरिद गुरुयोजना बनाएको पाईएन । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहित पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **निर्माण कार्य व्यवस्थापनः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले २० लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य बोलपत्रको माध्यम तथा नियम ९७ बमोजिम उपभोक्ता समिति मार्फत कार्य गराउन सकिने व्यवस्था रहेको छ। पालिकाले ठेक्का, उपभोक्ता समिति र सोझै विधि मार्फत कार्य गरेका योजनाहरु देहाय बमोजिम रहेका छन् ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | | सोझै खरिद | |
|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| २८७ | ४ | ७०८०१४६१.६९ | १८९ | २२७१९२८५१.१७ | ९४ | ४०२२८४१०.७१ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल २८७ योजना मध्ये ठेक्का मार्फत ४ वटा योजनामा रु ७ करोड ८ लाख १ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित १८९ योजनामा रु २२ करोड ७१ लाख ९२ हजार र सौझै विधिबाट ९४ योजनामा रु ४ करोड २ लाख २८ हजार खर्च गरेको छ । अर्थात २८७ योजनामा भएको खर्च रु ३३ करोड ८२ लाख २२ हजार ७२३ मध्ये २०.९३ प्रतिशत ठेक्का प्रक्रिया मार्फत , ६७.१७ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् र सोझै खरिद विधिबाट ११.९ प्रतिशत खर्च गरेको देखिन्छ। पालिकाले यस वर्ष संचालित योजनाहरुमा सडक कालोपत्र १.२ किलोमिटर र ग्राबेल ७०० मिटर कार्य गरेकोमा सो निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरु समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्नु गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण मूल्य कार्य सम्पादन जमानत पेस्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३५ **परामर्श तथा डीपीआर खर्चः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ (क) मा परामरर्श सेवा खरिद गर्दा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका परामर्शदातालाई रु ४१०१९०।- परामर्श शुल्क बापत भुक्तानी गरेको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत ल.ई. रकम | खर्च रकम |
|---|---|---|---|
| अरनिको सभा भवन निर्माण कार्य स्थलमा माटो परीक्षण कार्य | प्लानेट टेस्ट प्रा लि , शान्तिनगर | ३६९०५७।७७ | ११९८७०।०० |
| महेश्वरी खेल मैदानमा माटो परीक्षण कार्य | बज्र कन्सल्टिङ प्रा लि , ललितपुर | २७४८४४।२५ | १६२७२०।०० |
| सृजना नगरस्थित खानेपानी ट्याङ्की निर्माण कार्यको लागि माटो परीक्षण कार्य | प्लानेट टेस्ट प्रा लि , शान्तिनगर | १८४५२८।८८ | १३५६००।०० |
| जम्मा: | | ८२८४३०।९० | ४१०१९०।०० |

सैद्धान्तिक बेरुजु

३६ **सफ्टवेयर खरिद तथा प्रयोगः**

सफ्टवेयर खरिद र परिचालन - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर विभिन्न ४ सफ्टवेयरहरूमा यो वर्ष रु.२१२५९९३ भुक्तानी गरेको छ। सफ्टवेयर खरिदको आवश्यकता लागत अनुमान त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवेयर संचालनको स्वीकृति नलिएको तथा सफ्टवेयरको अडिट गराएको छैन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसँग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।यस वर्ष खरिद गरेको सफ्टवेयरको विवरण देहायअनुसार छन् ।

| क्र.सं | कार्यक्रमको नाम | खरिद गरेको वर्ष | सफ्टवेयर खरिद खर्च |
|---|---|---|---|
| 1 १ | न्हु: ईन्टरप्राइजेज (राष्ट्रिय परिचयपत्र विवरण दर्ता स्टेशनको सफ्टवेयर) | २०८१।०८२ | ७३४५० |
| २ | जिओसफ्ट टेक्नोलोजी प्रा.लि. (वडा कार्यालयहरुको लागि) | २०८१।०८२ | ३५३१०३ |
| 2 ३ | गभर्नेन्स अटोमेसन सोलुसन (शैक्षिक ऋण) | २०८१।०८२ | ९९४४० |
| ४ | नगरपालिकाका विद्यालयहरुको अनलाईन अनुगमन तथा अभिलेखिकरण सफ्टवेयर | २०८१।८२ | १६००००० |

सैद्धान्तिक बेरुजु

३७ **सूचना प्रकाशन तथा प्रसारणः**

सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ४,५,६,७,८,२७,२८ तथा नियमावली, २०६५ मा नागरिकको सूचनाको हक सम्बर्द्धन संरक्षण र प्रचलन गर्ने सम्बन्धमा सार्वजनिक निकायले सूचना अधिकारी तोक्ने, आफ्नो निकायको सूचना वर्गीकरण र अद्यावधिक गर्ने,सार्वजनिक निकायले तीन/तीन महिनामा स्वत: प्रकाशन गर्नुपर्ने विवरण प्रकाशन गर्नुपर्ने, आफ्नो वेब साईट नियमित अद्यावधिक गर्ने तथा सार्वजनिक निकायसँग माग गरिएको सूचना र उपलब्ध गराएको सूचनाको विवरण छुट्टै अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले सूचनाको हक सम्बर्द्धन र प्रचलन गर्ने सम्बन्धमा आफ्नो वेब साईट नियमित अद्यावधिक गर्ने, सूचना अधिकारी तोक्ने लगाएको कार्य गरेको भएता पनि आफ्नो निकायको सूचना वर्गीकरण र अद्यावधिक गर्ने, तीन/तीन महिनामा स्वत: प्रकाशन गर्नुपर्ने विवरण प्रकाशन गर्ने गरेको नपाइएकोले सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीले गरेको व्यवस्थाको पूर्ण पालना गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३८ **कानुन निर्माणः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या | यो वर्ष बनेका संख्या |
|---|---|---|---|
| १ | ऐन | ३४ | ३ |
| २ | नियमावली | १४ | |
| ३ | कार्यविधि | २८ | |
| ४ | नीति | १ | |
| | जम्मा | ७७ | |

पालिकाले यस वर्षसम्म आफ्नो क्षेत्राधिकार भित्रका ३४ ऐन, १४ नियमावली, २८ कार्यविधि र १ नीति गरी जम्मा ७७ वटा कानुन निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने गरेको छ ।पालिकाले आर्थिक वर्ष २०८१।८२ मा मात्र ३ वटा ऐन निर्माण गरेको देखियो । सोही ऐन को दफा १०२ को (४) अनुसार यसरी बनाइएका ऐन नियमावली कार्यविधि पालिकाले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेमा पठाएको पाईएन।

सैद्धान्तिक बेरुजु

३९ **न्यायिक समितिको कार्यसम्पादनः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फर्स्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फर्स्यौट/कारवाही भएका विवाद | फर्स्यौट /कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| २६ | २४ | ५० | २० | ३० |

उपरोक्त विवरण अनुसार गतवर्षबाट जिम्मेवारी सरी आएका २६, यस वर्ष २४ नयाँ मुद्दा दर्ता भई ५० मुद्दा रहेकोमा २० मुद्दा फर्स्यौट भई यस आर्थिक वर्षको अन्त्यमा ३० मुद्दाको कारबाही हुन बाँकी देखिन्छ। बाँकी मुद्दाको समेत समयमानै टुङ्गो लगाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिम श्रोत अनुमान तथा बजेट सीमा निर्धारण गरि बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रहि औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले विविध खर्च शीर्षकबाट यस वर्ष नगरसभामा रु २८८४२७।- र अतिथि सत्कार खाजा खाना तथा अन्यमा रु ३०१४२४८।- गरी कुल रु ३३०२६७५।- खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

४१ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले कडा रोग लागेका नगरबासीलाई स्वास्थ्य उपचार अनुदान दिने सम्बन्धी निर्देशिका (पहिलो संसोधन), २०७९ बमोजिम यस वर्ष कडा रोग लागेका विरामीलाई वार्षिक एक पटक रु १५००० का दरले नगरप्रमुखको तोक आदेशको आधारमा र सोभन्दा माथि कार्यपालिकाबाट निर्णय गरी यस वर्ष २२५ जनालाई रु ३३,७५,०००।- आर्थिक सहायता वितरण गरेको छ ।

सैद्धान्तिक बेरुजु

४२ **पेश्की बाँकीको विवरणः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनको लागि निम्नानुसारका व्यक्ति, फर्म र संस्थालाई दिएको म्याद नाघेको पेश्की रु ६१६०००० र म्याद ननाघेको रु ० गरी रु. ६१६०००० आर्थिक वर्षको अन्त्यसम्म पनि फस्र्यौट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| सि.नं. | पेश्की लिनेको विवरण | पेश्की लिनुको उद्देश्य | म्याद नाघेको रु. | म्याद ननाघेको रु. | जम्मा रु. |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ढुङ्गा र ईँट्टा छपाई मर्मत कार्य उस (कृष्ण प्रसाद, शिवहरी) | मर्मत कार्य | १५०००० | | १५०००० |
| २ | CNBN कम्पोष्ट प्लान्टमा ब्लक छपाइ कार्य उस ईश्वरमान दुमरु | प्राङ्गारिक मल प्रशोधन केन्द्रको पूर्वाधार निर्माण कार्य | ९००००० | | ९००००० |
| ३ | ब्रम्हायणी पीठ भ्वयछे परिसर सांस्कृतिक प्रदर्शनी केन्द्र निर्माण उस रत्नप्रसाद प्रजापति | साँस्कृतिक प्रदर्शनी केन्द्र निर्माण | १०००००० | | १०००००० |
| ४ | हाडा छैं पुन: निर्माण ( अन्तिम चरण ) उस कृष्ण गोविन्द दुवाल | हाडा छे पुन निर्माण कार्य | २०००००० | | २०००००० |
| ५ | लायकु पाहाँछे भवन स्तरोन्नति तथा पुर्वाधार निर्माण योजना उस रामहरी गोरा | लायकु पाहाछे पुन निर्माण | १२००००० | | १२००००० |
| ६ | श्री सुन्दरी गोपाल मन्दिर पुन निर्माण उस कर्ण बहादुर अवाल | सुन्दरी गोपाल मन्दिर पुन निर्माण कार्य | ९१०००० | | ९१०००० |
| | | जम्मा | ६१६०००० | ० | ६१६०००० |

| पेश्की | ६१,६०,००० |
|---|---|

४३ **आम्दानीः**

भक्तपुर नगरपालिकाले आव २०८१।८२ मा वाह्य स्रोतबाट १८०२२१८०५० र आन्तरिक स्रोतबाट ६५८३१०००० गरी २४६०५२८०५० अनुमानित आय मध्ये आन्तरिक तर्फ ५६०५५६८८४।८३ र वाह्य तर्फ १४८७२४९६६०।५१ गरी २०४७८०६५४५।३४ आम्दानी गरेको देखिन्छ । आन्तरिक आय तर्फ पर्यटन सेवा शुल्क २९०७७०८५२।३८ र जग्गा विक्री वापत ४९००९३९ र अन्य कर।दस्तुर २६४८८५०९३।४५ आम्दानी भएको देखिन्छ । पर्यटन सेवा शुल्क तर्फ चीन र सार्क राष्ट्रको पर्यटकको प्रति व्यक्ति ५०० दर २०७१ देखि २०८१ सम्म परिवर्तन भएको देखिएन भने अन्य राष्ट्रका पर्यटकको हकमा २०६७ देखि प्रति व्यक्ति १५ अमेरिकी डलर कायम भएको पाईयो । अमेरिकी डलर निरन्तर नेपाली रुपैया भन्दा वलियो हुँदै गएकोले शुल्क असुली नघटेपनि १४ वर्ष देखि एकै दर रहेको पाईएकोले परिवर्तन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४४ **कर संकलनः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकिकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान रु ७८,२९,८७,००९।- गरेकोमा असुली रु ७१,४५,३५,३०६.७६।- भएको छ ।जुन अनुमानको तुलनामा ९१.२६ प्रतिशत हुन्छ । राजस्व संकलनको प्रक्षेपण गर्दा अनुमान र संकलन को विश्लेषण गरिनुपर्दछ। अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउन के कस्ता कर संकलनका सम्भाव्यता छन तिनीहरुको पहिचान गरिनुपर्दछ। विभिन्न शीर्षकमा असुली गरेको विवरण निम्नानुसार रहेको देखिन्छ।

| क्र.सं. | राजस्व संकेत | आय शीर्षक | अनुमान | असुली |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पति कर | ४४१७७००० | ६०७५११३८.२२ |
| २ | ११३१४ | भुमिकर/मालपोत | ५१५००००० | ८०२०७४८८.२६ |
| ३ | ११३१७ | वहाल कर | ४१०००००० | ४२४८५१९९.४६ |
| ४ | ११३१८ | वहाल विटौरी कर | १२०००००० | ३९८१७३२.८ |
| ५ | ११३१९ | अन्य अचल सम्पत्तिमा लाग्ने अन्य कर | ० | ५९८९.५ |
| ६ | ११४५१ | सवारी साधन कर (साना सवारी) | ५००००० | १३७१०० |
| ७ | ११४७९ | अन्य मनोरञ्जन कर | ५००००० | ० |
| ८ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ९ | १८८०० |
| ९ | ११६३२ | अखेटोपहारमा लाग्ने कर | १०००००० | ३०००० |
| १० | ११६९१ | अन्य कर | ० | ६७८३०३ |
| ११ | १४१५१ | सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | १४२००००० | २३९१८९६५.७५ |
| १२ | १४१९१ | पर्यटन शुल्क | ३५००००००० | २९०९९९००२.८७ |
| १३ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ५२०००००० | ११५८४४०८ |
| १४ | १४२१८ | विद्युत सेवा शुल्क | १००००० | ९१३२५ |
| १५ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १९५००००० | २३२३९७२४.८७ |
| १६ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ११०००००० | २३०० |
| १७ | १४२२४ | परीक्षा शुल्क | ४०००००० | ३८१८६८८ |
| १८ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ० | २५२१४५३ |
| १९ | १४२४१ | पार्किङ्ग शुल्क | ४५००००० | ३९८५३३९ |
| २० | १४२४२ | नक्सापास दस्तुर | ११५००००० | ११२१८६०१.९९ |

| | | | | |
|---|---|---|---|---|
| २१ | १४२४३ | सिफारिश दस्तुर | १६०००००० | १४८५४०४९.५७ |
| २२ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ७००००० | ६४८०६८ |
| २३ | १४२४५ | नाता प्रमाणित दस्तुर | ५००००० | ३४२९०० |
| २४ | १४२४९ | अन्य दस्तुर | ३२०००००० | ९९२७८२५.३ |
| २५ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | २९६९९७६० |
| २६ | १४२६२ | विद्युत सम्बन्धी दस्तुर | ० | ९५३० |
| २७ | १४२६५ | अन्य क्षेत्रको आय | ८६५६०००० | २३१७१२२४.११ |
| २८ | १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ३०००००० | ३६२६१ |
| २९ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १५५०००० | ३३१२६९१.२२ |
| ३० | १४३१३ | धरौटी सदरस्याहा | ० | ५२४.२५ |
| ३१ | १४५२९ | अन्य राजस्व | २०००००००० | ६८२२४७८४.३४ |
| ३२ | १४६११ | व्यवसाय कर | ३३०००००० | ४१२६०५० |
| ३३ | १५१११ | बेरूजू | १०००००० | ५०६०७९.२५ |
| जम्मा | | | ७८२९८७००९ | ७१४५३५३०६.७६ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४५ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु ४१२६०५०।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको विवरण अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **घर जग्गा बहाल करः**

पालिकाले जारी गरेको आर्थिक ऐन २०७५ को दफा ४ अनुसार गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा बहाल दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले घर जग्गा वहाल कर शुल्क वापत रू. ४,२४,८५,१९९।४६ कर संकलन गरेको छ। पालिकाले उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठ्छ भन्ने कुराको एकिन गर्न सकिएन ।अतः नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **फोहरमैला व्यवस्थापनः**

सरकारी खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को बुदा नं ४ को ३ मा कार्यक्रम शीर्षकबाट खर्च गर्ने गरी करारमा कर्मचारी राख्न नमिल्ने व्यहोरा उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा फोहोरमैला व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुने भनी उल्लेख गरेको छ । फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १८(१) मा फोहोरमैला संकलन तथा व्यवस्थापनमा निजी क्षेत्र र समूहलाई सहभागी गराई आय ठेक्का मार्फत पालिकाले आन्तरिक आय बढाउन सक्ने उल्लेख छ । पालिकाको फोहोरमैला व्यवस्थापनमा भएको कुल खर्च र फोहोरमैला शुल्कबाट प्राप्त आयको तुलनात्मक विवरण देहाय बमोजिम छः

| फोहोरमैला व्यवस्थापनमा खर्च | | | फोहोरमैला व्यवस्थापनबाट प्राप्त आम्दानी | | | आयको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| सि नं | खर्च शीर्षक | रकम | सि नं | आय शीर्षक | रकम | |
| १ | सफाइ कर्मचारी खर्च | ९२६८२३२३ | १ | सरसफाइ शुल्क | १२०४४४०१ | ८५२.६३ |
| २ | सफाइ ईन्धन खर्च | २२०८८४३२ | २ | कम्पोष्ट मल बिक्री | २५८६४३० | |
| ३ | सफाइ सवारी साधन मर्मत खर्च | ९९७६६१७ | | | | |
| जम्मा | | १२४७४७३७२ | जम्मा | | १४६३०८३१ | |

उल्लेखित विवरण अनुसार सरसफाई शुल्क वापत रु. १२०४४४०१ र कम्पोस्ट मल विक्रीबाट रु. २५८६४३० समेत रु.१४६३०८३१आम्दानी गरेको छ । पालिकाले फोहोरमैला व्यवस्थापन ठेक्का बन्दोवस्त नगरी कर्मचारी मार्फत कार्य गराएको छ । कुहिने वर्गिकरण अन्तरगतको फोहोरमैलाको कम्पोष्ट मल बनाई विक्री गरी आम्दानी गरेको छ भने नकुहिने प्रकृतिमा फोहोरमैला पालिका आफैले सिसडोल ल्याण्डफिल्ड साइडमा व्यवस्थापन गरेको छ । कम्पोष्ट मल बिक्री र सफाइ सेवा शुल्क समेत रु.१,४६,३०,८३१।- आम्दानी गरेकोमा सरसफाई कर्मचारी सरसफाई कर्मचारी १३९ जनाको पारिश्रमिकमा रु.९२६८२३२३, सफाई सवारी मर्मत खर्चमा रु. ९९७६६१७ सफाई इन्धन खर्चमा रु. २२०८८४३२ समेत रु. १२४७४७३७२ खर्च भएको छ । जुन आम्दानीको अनुपातमा ८५२.६३ प्रतिशत बढी खर्च आउँछ । पालिकाले प्राप्त गरेको सरफाई शुल्क वापत कति शुल्क निर्धारण गरी प्रति घरधुरीबाट कतिका दरले उठाएको हो कति शुल्क उठाउन बाँकी हो अद्यावधिक अभिलेख नराखेको कारण आम्दानीको अनुपातमा खर्च यथार्थ विश्लेषण गर्न सकिएन । स्वीकृत कार्यक्रममा हुनेबाट सरकारी

नियम तथा मापदण्डको विपरित हुने गरी करारको कर्मचारीको अधिक खर्च हुनुले आन्तरिक आयको हिस्सा पूँजीगत खर्च गर्न सक्ने अवस्थामा कटौती भएको छ । पालिका भित्रको घरधुरी संख्या आफ्नो क्षेत्र भित्र सृजित हुने फोहोरमैला परिमाणको आकलन र शहर सफा राख्न आवश्यक पर्ने जनशक्ति मेशिनरी औजार र इन्धन समेतको खर्चको लागत अनुमान तयार गरी सफाइ शुल्क निर्धारण गर्ने र अन्यत्रको असल अभ्यासको आधारमा फोहोरमैला व्यवस्थापन कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **संचित घर विदा वापतको रकम सम्बन्धमाः**

स्थानीय सेवा कर्मचारी गठन, संचालन, व्यवस्थापन सेवा शर्त तथा सुविधा सम्बन्धमा बनेको ऐन, २०८० तर्जुमा गरी उक्त ऐनको दफा ६० मा स्थायी कर्मचारीहरुले १५० दिन घर बिदा संचित गरेपछि समेत कार्यरत रही प्रत्येक वर्षको नियमानुसार संचित गर्न पाइने घर बिदा वापत निजले प्रति महिना खाईपाई आएको तलबले हिसाब गरी बढीमा ३० दिनसम्मको संचित घर बिदाको रकम सम्बन्धित कर्मचारीलाई प्रत्येक वर्षको बैशाख महिनाको तलबसंगै उपलब्ध गराउने उल्लेख गरी यस वर्ष प्रमुख प्रशासकीय अधिकृत सहित १६८ जनालाई रु ६९०४५२६ संचित विदा वापतको रकम भुक्तानी गरेको छ ।यसरी संघीय कानून विपरीत कानून निर्माण गरी १६९ कर्मचारीलाई संचित विदावापत भुक्तानी भएको रकम रु ६९०४५२६ नियमसम्मत नभएको रु.

| अनियमित भएको | ६९,०४,५२६ |
|---|---|

४९ **कर्मचारीको विशेष सुविधा सम्बन्धमाः**

बागमती प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा 69(1) मा प्रत्येक कर्मचारीले एक वर्षको सेवा अवधि पूरा गरेपछि एक दिनको तलब बराबरको रकम तलब वृद्धि पाउने उल्लेख छ ।अर्थ मन्त्रालयले प्रत्येक वर्ष श्रावण महिना देखि लागु हुने गरी तलबमान र पद अनुसारको पाउने अधिकतम ग्रेड सहितको तलबमान प्रकाशन गर्ने गर्दछ । पालिकाले देहायका कर्मचारीहरुलाई अर्थ मन्त्रालयबाट जारी अधिकतम ग्रेड भन्दा बढी ग्रेड रकम विशेष सुविधा स्वरुप उपलब्ध गराएको पाइयो ।संघीय र प्रादेशिक कानुन विपरित पालिकाले आन्तरीक स्रोतबाट परानो कर्मचारीको खाईपाई आएको सुविधावापत भनि नियम विपरित विशेष सुविधा शिर्षकमा बढि ग्रेड भक्तानी गरेकोले संघ/प्रादेशिक कानुन सरह भुक्तानी दिनुपर्दछ ।यसरी नियमविपरीत ९३ जना कर्मचारीलाई भुक्तानी भएको विशेष सुविधावापतको ग्रेड रकम रु.३५३०५४० नियमसम्मत नभएको रु.

| अनियमित भएको | ३५,३०,५४० |
|---|---|

५० **शैक्षिक ऋणः**

शैक्षिक ऋण सम्बन्धमा देखिएका बेहोराहरु निम्नानुसार रहेका छन्;

५०.१ **(क)शैक्षिक ऋणको विवरण-** भक्तपुर नगरपालिकाको शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका (पहिलो संशोधन), २०७९ को दफा २ अनुसार भक्तपुर नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने जेहेन्दार तथा विपन्न विद्यार्थीहरुलाई शैक्षिक योग्यताको प्रमाणपत्र धितो राखी एस.ई.ई. परीक्षा पछि अध्ययन गरिने डिप्लोमा तहको प्राविधिक विषयको अध्ययन वा स्नातक तह वा सो भन्दा माथिको शैक्षिक तहको अध्ययनको लागि नगरपालिकाले रु.५ लाख रुपैयासम्म दिन सक्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ देखि शैक्षिक ऋण प्रदान गर्न सुरु गरकोमा आर्थिक वर्ष २०८०।८१ सम्म ४४८ विद्यार्थीसँग ऋण दिने सम्बन्धमा सम्झौता गरी कुल ऋण रु.१२६१४८६८३ र आर्थिक वर्ष २०८१।८२ मा थप १०४ जना विद्यार्थीको लागि रु. ४३३४७३६१ थप ऋण लगानी समेत ५५२ जनाको लागि देहाय बमोजिम हालसम्म कुल लगानी रु.१६९४९६०४४ गरेको देखिन्छ । पालिकाले सफ्टवेयर प्रणाली नअपनाएको तथा सम्झौतामा रकम फिर्ता गर्नुपर्ने मिति स्पष्ट किटान नगरेको कारण सम्झौता बमोजिम ऋण प्राप्त गर्ने विद्यार्थीको ऋण असुली अवधि, म्याद नाघेको अवधिमा असुल हुँदा बाँकी रहेको साँवा ब्याज र हर्जानाको विवरण यकिन गर्न सकिएन । सम्झौता बमोजिम साँवा तथा ब्याज तोकिएको समयावधी भित्र असुल गर्नुपर्दछ ।

| आर्थिक वर्ष २०८१।८२ आषाढ मसान्त सम्मको शैक्षिक ऋण विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र स | आर्थिक वर्ष | विद्यार्थी संख्या | ऋण लागनी रु. | साँवा प्राप्त रु. | व्याज प्राप्त रु. | ऋण चुक्ता संख्या |
| १ | २०७५।७६ | ११ | १८१६२५० | ० | ० | ७३ |
| २ | २०७६।७७ | ५३ | ९२१०११७ | ० | ० | |
| ३ | २०७७।७८ | ६१ | १४८४४२४८ | २११००० | ३२९०१ | |
| ४ | २०७८।७९ | ११२ | ३०९४६०७६ | १६३१९२८ | १६९५१९ | |
| ५ | २०७९।८० | १०७ | ३५६२८६१२ | २८५९१७९ | ६६२२१९ | |
| ६ | २०८०।८१ | १०४ | ३३७०३३८० | ६४९२८६३ | २३८५५५२ | |
| ७ | २०८१।८२ | १०४ | ४३३४७३६१ | १८४६००११ | ५४३६६४७ | |
| जम्मा | | ५५२ | १६९४९६०४४ | २९६५४९८१ | ८६८६८३८ | |

सैद्धान्तिक बेरुजु

५०.२ **(ख)**भक्तपुर नगरपालिकाको शैक्षिक ऋण दिने सम्वन्धमा वनेको निर्देशिका (पहिलो संशोधन), २०७९ को दफा ४ अनुसार विद्यार्थीलाई अध्ययनको लागि प्रदान गरिने शैक्षिक ऋण बार्षिक ६ प्रतिशतको दरले ब्याज लिने व्यवस्था छ । त्यसैगरी दफा ५ मा ऋण लिएका विद्यार्थीहरुले आफूले लिएको सावाँ तथा व्याजको भुक्तानी शैक्षिक कोर्षको अन्तिम परीक्षा दिएको मितिले पहिलो वर्ष भित्र २५ प्रतिशत, दोश्रो वर्ष भित्र ५० प्रतिशत, तेश्रो वर्ष भित्र ७५ प्रतिशत र चौथो वर्ष भित्र १०० प्रतिशत भुक्तानी गरिसक्नुपर्ने र उपरोक्त समयावधि भित्र ऋणको सावाँ व्याज भुक्तानी नगरेमा बुझाउन बाँकी साँवा व्याजको ५ प्रतिशत हर्जना असुल गर्ने व्यवस्था छ । पालिकाले २०७५।७६ मा शैक्षिक ऋण प्रदान गरेका २ वर्षीय कोर्ष अध्ययन गर्नेको कोर्षको अन्तिम परीक्षा सकिएको २०७७।७८ मा १ वर्ष हुने र २०७९।८० मा ३ वर्ष पुगिसक्ने साथै ३ वर्षे कोर्ष अध्ययन गर्नेको कोर्षको अन्तिम परीक्षा सकिएको २०७८।७९ मा १ वर्ष र २०७९।८० मा २ वर्ष पुग्ने त्यसैगरी ४ वर्षे कोर्ष अध्ययन गर्नको लागि शैक्षिक ऋण लिनेको २०७९।८० मा कोर्षको अन्तिम परीक्षा सकिएको १ वर्ष पुग्ने एवं रितले २०७६।७७, २०७७।७८ मा शैक्षिक ऋण लिनेको समेत कोर्षको अन्तिम परीक्षा सकिएको अवधी नाघ्ने भएकोले पालिकाले शैक्षिक ऋण दिँदा अन्तिम किस्ता भुक्तानी गर्नुपर्ने मितिनै किटान गरी सम्झौता गर्नुपर्ने र ऋण लिएका विद्यार्थीहरुको अभिलेखको सफ्टवेयर प्रणाली मार्फत व्यवस्थित गरी कति विद्यार्थीको शैक्षिक कोर्षको अन्तिम परीक्षा दिएको अवधि १,२,३ र ४ वर्ष पूरा भई किस्ता एवं ऋण तिर्न बाँकी छ, साँवा ब्याज र हर्जना समेत असुल गर्न बाँकी हो खुल्ने गरी अभिलेख तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५१ **प्रोत्साहन तथा थप भत्ता सम्बन्धमाः**

निजामती सेवा नियमावली, २०५० को नियम ११९(क) अनुसार कर्मचारीहरुलाई नेपाल सरकारले तोके बमोजिमको पोशाक भत्ता प्रत्येक वर्षको चैत्र महिनामा तलबसँगै भुक्तानी गरिने उल्लेख छ ।तर यस पालिकाले संघीय नियम विपरित हुने गरी स्थानीय सेवा कर्मचारी गठन संचालन व्यवस्थापन सेवा शर्त तथा सुविधा सम्बन्धमा बनेको ऐन २०८० तयार गरी उक्त ऐनको दफा ६३ मा पोशाक र प्रोत्साहन सुविधाको व्यवस्था गरी ६३ (१) मा कर्मचारीले प्रत्येक वर्ष संघीय कर्मचारीले पाए सरहको एकमुष्ठ रकम पोशाक सुविधा पाउने उल्लेख छ ।दफा ६३(२) मा उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय सरकार संचालन ऐन २०७४ लागु हुन भन्दा अगाडि स्थानीय तहमा नियुक्ती पाई कार्यरत कर्मचारीहरुको हकमा निजले पोशाक सुविधा वापत खाईपाई आएको एक महिना बराबरको रकम नघट्ने गरी कार्यपालिकाले तोके बमोजिम सुविधा उपलब्ध गराइने उल्लेख छ। पालिकाले १६४ जना करार/अस्थायी कर्मचारीलाई पोशाक वापत १०००० को दरले रु १६४०००० र करारमध्ये ५७ जनालाई कार्तिक महिनाको तलब सहित पोशाक भत्ता वापत १०००० मा तलब बराबर नपुग रकम प्रोत्साहन स्वरुप रु १०२४२१७ र प्रमुख प्रशासकीय अधिकृत सहित १७४ जना स्थायी कर्मचारीलाई प्रत्येक वर्ष कार्त्तिक महिनाको तलबसँग पोशाक भत्ता वापत १०००० का दरले रु १७४०००० र मासिक तलबमा १०००० घटाई बाँकी रकम प्रोत्साहन सो रुप रु ४३११६२१ गरी स्थायी तथा अस्थायी कर्मचारीको पोशाकमा प्रोत्साहन स्वरुप रु ५३३५८३८ थप खर्च गरेको छ।तसर्थ नियमावलीमा व्यवस्था भए बमोजिम चैत्र महिनाको तलबसँग पोशाक खर्च भुक्तानी गर्ने प्रणालीको अवलम्बन गर्नुपर्दछ । साथै संघीय सरकार तथा प्रदेश सरकारले तोके भन्दा फरक हुने गरी भुक्तानी गरेको १७२ जना कर्मचारीको थप पोशाक भत्ता नियमसम्मत नभएको रु.

| अनियमित भएको | ५३,३५,८३८ |
|---|---|

५२ **प्रोत्साहन भत्ता बढी भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली २०७७ नियम ३५(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले नगर प्रहरीको करार सम्झौताको बुदा नं १२ मा सार्वजनिक विदा र अतिरिक्त समयमा कार्यमा खटाइ न्यूनतम १०० घण्टा भन्दा बढी अतिरिक्त समय कार्य गर्ने नगर प्रहरी प्रमुखको हकमा प्रमुख प्रशासकिय अधिकृतले सिफारिस गरे बमोजिम खाईपाई आएको तलबमानको २५ प्रतिशत भन्दा नबढ्ने गरी र १०० घण्टा भन्दा कम अतिरिक्त समय काम गर्नेका हकमा जति घण्टा अतिरिक्त समय कार्य गरेको हो सोको आधारमा दामासाहीले अतिरिक्त समय भत्ता सम्बन्धित अधिकारीले सिफारिस गरे बमोजिम दिने उल्लेख गरेकोमा देहाय बमोजिमका नगर प्रहरीलाई अतिरिक्त समयको भत्ता भुक्तानी गर्दा अधिकतम २५ प्रतिशत भन्दा बढी भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | | शुरु तलब स्केल | अधिकतम प्रोत्साहन रकम तलबको अधिकत्तम २५% ले हुने रकम | श्रावण प्रोत्साहन | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | माघ र फागुन | चैत्र | बैशाख | जेठ | जम्मा बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नगर प्रहरी | नारायण बहादुर चुवान | ३०००० | ७५०० | ३९७५ | ३०० | ४३५० | ५३२५ | २६२५ | ३००० | ४९५० | ३६०० | ३७५० | ३१५० | ३५०२५ |
| नगर प्रहरी | जयराम सुवाल | २६००० | ६५०० | १८२० | ३३१५ | ३८३५ | ४२२५ | ११७० | ० | ७१५ | ० | ० | ७१५ | १५७९५ |
| नगर प्रहरी | मार्टिना चित्रकार | २४००० | ६००० | ४८० | ३६० | १०२० | १६२० | ६०० | ० | १२० | ८४० | २४० | ० | ५२८० |
| नगर प्रहरी | लक्ष्मी कुमारी श्रेष्ठ | २४००० | ६००० | ३०० | ० | ० | ० | ० | ० | ० | ० | ७८० | ४२० | १५०० |
| नगर प्रहरी | बोध कुमारी कार्की | २४००० | ६००० | ३०० | १२० | १०२० | ५४० | ४८० | ५४० | ० | ० | ९६० | ३६० | ४३२० |
| नगर प्रहरी | एलिना नहेम्हाफुकी | २४००० | ६००० | ० | १८० | ६०० | १४४० | १८० | ११४० | १२०० | १७४० | ९६० | ० | ७४४० |
| नगर प्रहरी | सुजन कुस्मा | २४००० | ६००० | ६०० | १२०० | १३८० | २०४० | ३६० | ४२० | ६०० | २१०० | १५०० | १५०० | ११७०० |
| नगर प्रहरी | सरिता खिचाजु | २४००० | ६००० | ० | ३६० | ७८० | १५०० | ३०० | ० | ० | ० | ० | ० | २९४० |
| नगर प्रहरी | सुमन दुवाल | २४००० | ६००० | ६०० | १३२० | १०२० | १९२० | २४० | १०२० | ० | १८०० | ० | १५६० | ९४८० |
| नगर प्रहरी | आशिष कोजु | २४००० | ६००० | ५४० | १३२० | १२०० | १९८० | ३०० | ६६० | २०४० | १९२० | १९२० | १७४० | १३६२० |
| नगर | प्रज्वल | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रहरी | माक | २४००० | ६००० | २४० | १७४० | १३८० | १८६० | १२० | ३०० | १६२० | १४४० | ६६० | १५६० | १०९२० |
| नगर प्रहरी | विजय तमखु | २४००० | ६००० | ४२० | ११४० | १३२० | २१६० | १८० | ३८० | १६२० | ० | ० | ० | ७२२० |
| नगर प्रहरी | विमल दुवाल | २४००० | ६००० | ७२० | १३८० | १४४० | १९२० | ३६० | १४० | १६८० | १५८० | ७८० | १३८० | ११३८० |
| नगर प्रहरी | शिवराज शाखकर्मी | २४००० | ६००० | ४२० | ११४० | ९६० | १९८० | ३६० | १४० | १५०० | १३८० | १४४० | १६२० | १०९४० |
| नगर प्रहरी | सन्तोष खड्का | २४००० | ६००० | ४२० | १३२० | १३२० | २१०० | १२० | ० | २०४० | १९२० | १६८० | १८६० | १२७८० |
| नगर प्रहरी | राजन प्रजापती | २४००० | ६००० | ५४० | १२६० | १०२० | २०४० | ४२० | ६६० | १८६० | १९८० | १५६० | १५६० | १२९०० |
| नगर प्रहरी | राजेश बाङायो | २४००० | ६००० | ४२० | १५६० | ६६० | १५६० | १८० | ४८० | ० | १२६० | १७४० | १५६० | ९४२० |
| नगर प्रहरी | प्रविण तामाङ | २४००० | ६००० | ३०० | १२६० | ११४० | १२६० | १८० | ० | ० | ७२० | १३८० | १५०० | ७७४० |
| नगर प्रहरी | रोजित मलेपति | २४००० | ६००० | ६०० | १३८० | ९६० | १९२० | ३०० | १०२० | १५०० | १९२० | १८६० | १८६० | १३३२० |
| नगर प्रहरी | विनय तामाङ | २४००० | ६००० | ० | १३८० | १३८० | १८६० | ० | ११४० | १६८० | १३८० | १८६० | १८६० | १२५४० |
| | | | | | | | | | | | | | जम्मा | २१६२६० |

| असुल गर्नुपर्ने | २,१६,२६० |
|---|---|

५३ **अन्य भत्ताः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ आइसकेपछि पनि भक्तपुर नगरपालिका कार्य संचालन समितिको मिति २०६९।१।१७ गतेको निर्णयानुसार प्रमुख प्रशासकिय अधिकृतलाई मासिक रु १६००० का दरले, ३ जना सवारी चालकलाई रु ३६०० का दरले, थप ३ जना सवारी चालकलाई रु ४६०० का दरले र १ जना सवारी चालकलाई रु ५१०० का दरले गरी रु. ५४८४०० मासिक सुविधावापत थप भुक्तानी भएको देखिन्छ । यसरी स्थानिय सरकार सञ्चालन ऐन २०७४ भन्दा अगाडीको निर्णयलाई कार्यान्वियन गर्दै मासिक सुविधा भुक्तानी भएको रकम नियम सम्मत नभएको रु.

| अनियमित भएको | ५,४८,४०० |
|---|---|

५४ **अरनिको सभा भवनः**

नगरको केन्द्रमा लागत अनुमान रु २५३५४५०७७।९२ मा बहुउदेश्यीय सभा भवन निर्माणको लागि एटलास।स्मार्ट जे भी संग लागत अनुमान भन्दा २६ प्रतिशत न्यून रु १६३८९९७६४।९९ ( VAT PS बाहेक) २०८१।१२।०३ मा सम्झौता गरेकोमा २०८२।०९।२४ सम्म म्याद सहित रहेकोमा लेखापरिक्षण अवधि २०८२।०९।३० सम्म कार्य सम्पन्न भैसकेको छैन । आ व २०८१।८२ मा २ वटा IPC मा संघीय सशर्तको ५ करोड सहित रु ७४७३७४७० भुक्तानी भएको छ भने प्रदेश शसर्त बाट १६३९०००० पेश्की भुक्तानी भएकोमा दोस्रो IPC बाट ३२७८००० फर्छौट भई १३११२००० पेश्की बाँकी रहेको छ । आ व २०८२।८३ मा अरनिको सभा भवन आयोजनामा खडा गरी ठेक्काको वाँकी काम भईरहेको छ भने यस ठेक्काको सन्दर्भमा देखिएका अन्य व्यहोरा तपशिल वमोजिम छ ।

५४.१ **(क)लागत अनुमान:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले अन्य सार्वजनिक निकायले तयार गरेको लागत अनुमान जिल्ला दररेट विगतमा आफ्नै निर्माण कार्यको लागत अनुमान समेतको आधारमा लागत अनुमान तयार गरी स्विकृत गरेर ठेक्का गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले आ व २०८१।८२ मा सभा भवन निर्माणको लागत अनुमान तयार गर्दा पालिकाले तयार गरेको दररेटको आधारमा लागत अनुमान तयार गरेको छ । पालिकाले सम्पदा क्षेत्रको निर्माण कार्यको लागि भनेर जिल्ला दररेट भन्दा फरक दरमा श्रमिकको दररेट क्रमश दक्ष श्रमिकको १३०० जिल्ला दररेट भन्दा १०० बढी र अदक्ष श्रमिकको १००० जिल्ला दररेटभन्दा ८० रुपैँया बढी हुने गरी स्विकृत गरेको पाइयो । अरनिको सभा भवन जस्तो बहुउपयोगी भवन निर्माण गर्दा आधुनिक प्रविधिको प्रयोग गरेर निर्माण कार्य गर्दा समेत सम्पदाकै दरमा जिल्ला दररेट भन्दा बढी श्रमिकको दर राखेर लागत अनुमान तयार गरी रु ५०००२८७।४९ वढी व्यभार परेको छ । वढी व्ययभार पर्नेगरी लागत अनुमान स्वीकृत गर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५४.२ **(ख)वार्षिक कार्यक्रमः** अरनिको सभा भवन निर्माण ठेक्का वहुवर्षीय प्रकृतिको देखिन्छ । संघीय र प्रादेशिक सशर्त अनुदान सम्बन्धी कार्यविधी क्रमश २०७५ र २०७७ ले वार्षिक विनियोजन ऐनबाट बजेट विनियोजन गरी खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले ढिलो ठेक्का आब्हान गर्दा एक आर्थिक वर्षभित्र समेट्न नसकेको देखिन्छ । यसले गर्दा संघीय तर्फको विनियोजन ५ करोड खर्च भए पनि प्रदेश ससर्त अनुदान तर्फको रकम पूरै खर्च हुन नसक्दा वाँकी वित्तीय जिम्मेवारी पालिकालाई पर्न गएको छ । वागमती प्रदेश शसर्त अनुदान सम्वन्धी कार्यविधि २०७७ को दफा ८ मा प्रदेश तर्फको विनियोजन रकम सोही आर्थिक वर्षमा खर्च हुन नसकेमा बाँकी वित्तीय जिम्मेवारी पालिकाको हुने उल्लेख भएकोले पालिकाले प्रदेश सशर्तबाट भुक्तानी दिएको पेश्की रु १६३९०००० मध्ये दोस्रो विलमा रु ३२७८००० कट्टी भएकोमा रु १३११२००० पेश्की सोही आ.व.मा फर्छौट नभएकोले प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने देखिन्छ । बागमती प्रदेश संचित कोष फिर्ता गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | १,३१,१२,००० |
|---|---|

५४.३ **(ग)गुणस्तर नियन्त्रणः** ठेक्का सम्झौता संगै पेश भएको QAP(Quality Assurance Plan) को बुँदा नं ५ तथा DUDBC को नम्स अनुसार भवन निर्माण गर्दा

हरेक २० घन मिटर कंक्रिटको १ सेट टेष्ट रिपोर्ट पेश गर्नुपर्ने व्यवस्था छ । यस भवन निर्माण गर्दा दोस्रो IPC सम्म M20 ६४३।४१ घन मिटर र M25 ९६९।९२ घन मिटरको काम हुँदा क्रमश ७ सेट र २५ सेट रिपोर्ट पेश भएको देखिन्छ । M20 ३२ सेट र M25 ४९ सेट रिपोर्ट चाहिनेमा क्रमश M20 मा २५ सेट र M25 मा २४ सेट रिपोर्ट अपुग देखिन्छ । यी दुई आईटमको प्रतिघन मिटर क्रमश १२५२० र १४१६६ को दरले रु २१७९५३७९।९२ भुक्तानी भएको छ । गुणस्तर सुनिस्चित नभई भुक्तानी भएकोले QAP And standard अनुसार टेष्ट रिपोर्ट पेश भई मात्र भुक्तानी हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५४.४ **(घ)वीमा:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार २० लाख भन्दा माथिको निर्माण कार्यको श्रमिक सामग्री र मेशिनरी समेतको सम्झौता मिति देखि त्रुटी सच्याउने अबधि सम्मको विमा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले अरनिको सभा भवनको ठेक्कामा वीमा वापत रु ७०३००० PS मा उल्लेख भएकोमा २०८१।१२।१२ को मितिमा वीमा अवधी र DLP समेत नखुलाई जारी भएको विजकमा भुक्तानी भएको पाईएकोले सम्झौताको बुँदा नं १९।१ अनुसारको शर्त विपरित भुक्तानी भएकोले वीमा लागू हुने निश्चित नभएकोले हालसम्मको ९ महिनाको अवधी र DLP १३ महिना गरी २० महिना लागू नभएकोले सो अबधिमा बीमा सम्झौताको शर्त अनुसार लागू भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ७,०३,००० |
|---|---|

५५ **विद्यालय अनुगमन तथा अभिलेखिकरण सफ्टवेयरः**

७८१।०८१।११।२१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल, भर्पाइ, प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८१(क) मा परामर्श सेवा सम्बन्धि प्रस्ताव स्वीकृत गर्ने अधिकारी सम्बन्धि व्यवस्थामा बीस लाख रुपैँयासम्मको राजपत्रांकित तृतीय श्रेणिको कार्यालय प्रमुखले गर्ने व्यवस्था उल्लेख छ ।पालिकाले विद्यालय अनुगमन तथा अभिलेखिकरण सफ्टवेयर प्रणाली सञ्चालनका लागी परामर्शदाता ईन्प्रेल्स प्रा.लि. जावलाखेल, ललितपुरसँग मिति २०८१।९।११ मा मिति २०८२।३।३१ सम्ममा कार्यसम्पन्न हुनेगरी रु. १६ लाखमा कार्य सम्पन्न गर्नेगरी भएको सम्झौतामा सम्झौताको बुँदा नं ८ मा प्रारम्भिक रिपोर्ट सहित सफ्टवेयर संचालनमा आइसकेपश्चात सम्झौता रकमको ४० प्रतिशत र बाँकी ६० प्रतिशत रकम परियोजनाको सम्पूर्ण काम पूरा गरिसकेपछि भुक्तानी हुने उल्लेख भएकोमा सम्झौता बमोजिम ईन्प्रेल्स प्रा.लि. जावलाखेल, ललितपुरले प्रारम्भिक रिपोर्ट पेश नगरी मिति २०८१।११।१६ गतेको कर विजकको आधारमा प्रथम किस्तावापत रु ६४०००० भौन ७८१।०८१।११।२१ मार्फत भुक्तानी गरेको देखियो । त्यस्तै फाइनल प्रतिवेदन पेश नगरी मिति २०८२।२।२७ गतेको कर विजकको आधारमा ६० प्रतिशत वापत रु ९६०००० भौन ११६८।०८२।३।१५ मार्फत भुक्तानी गरेको देखियो ।अतः सम्झौता बमोजिम ईन्प्रेल्स प्रा.लि. जावलाखेल, ललितपुरले प्रारम्भिक प्रतिवेदन तथा फाइनल प्रतिवेदनको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | १६,००,००० |
|---|---|

५६ **करार कर्मचारीलाई महँगी भत्ताः**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं. २१७ मिति २०७४।१।२५ को पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई मासिक खाईपाई आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रु.१० हजार पोशाक खर्च मात्र भुक्तानी गर्न पाइने व्यवस्था छ । त्यस्तै गरी संघीय सरकार अर्थ मन्त्रालयले मिति २०७९/१/२१ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरी करार सेवामा कार्यरत कर्मचारीहरुलाई महङ्गी भत्ता उपलब्ध गराउन नसकिने भनी मिति २०७९/१/१५ मा पत्राचार गरेको देखिन्छ । तर पालिकाले करार सेवामा कार्यरत कर्माचारीलाई सम्झौतामा उल्लेख गरी स्थायी कर्मचारी सरह मासिक रु.२,००० महङ्गी भत्ता भुक्तानी गरेको छ । पालिकाले करार सम्झौताबाट कार्य गराएका १९ जना करार कर्मचारीलाई महङ्गी भत्ता वापत रु.४,५६,०० भुक्तानी गरेको छ । मन्त्रालयबाट जारी गरेको परिपत्र विपरित भत्ता वितरण गरेको रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| नाम पद | महंगी भत्ता दर | वार्षिक भुक्तानी रकम |
|---|---|---|
| सई निरज सैजू | २००० | २४००० |
| सई इला जोशी | २००० | २४००० |
| ड्राफ्ट म्यान वर्तराम मानन्धर | २००० | २४००० |
| कअ रमिता थापा श्रेष्ठ | २००० | २४००० |
| असई दिनेश छुकां | २००० | २४००० |
| प्लेट मेकर श्री प्रसाद बासुकला | २००० | २४००० |
| शिक्षिका मुखिया श्री नजर मैया श्रेष्ठ | २००० | २४००० |
| शिक्षिका मुखिया श्री राजेश्वरी सिल्पाकार | २००० | २४००० |
| शिक्षिका मुखिया श्री मिठू अवाल | २००० | २४००० |
| शिक्षिका मुखिया श्री चन्द्र लक्ष्मी कोजु | २००० | २४००० |
| शिक्षिका मुखिया श्री अनिता सुवाल | २००० | २४००० |
| शिक्षिका मुखिया श्री लक्ष्मी केशरी प्रजापती | २००० | २४००० |
| शिक्षिका मुखिया श्री गणेश लक्ष्मी थुसा | २००० | २४००० |
| पियन सेविका श्री वुद्ध लक्ष्मी खाइतू | २००० | २४००० |
| पियन सेविका श्री रेविना राजथला | २००० | २४००० |
| पियन सेविका श्री चण्डेश्वरी सुवाल | २००० | २४००० |
| पियन सेविका श्री दुर्गा देवी दुवाल | २००० | २४००० |

| | | |
|---|---|---|
| पियन सेविका श्री धर्म लक्ष्मी सुजखु | २००० | २४००० |
| पियन सेविका श्री राजेश्वरी लवजु | २००० | २४००० |
| जम्मा | | ४५६००० |

| असुल गर्नुपर्ने | ४,५६,००० |
|---|---|

५७ **निकासा खर्चको पुष्ट्याइँः**

१०३५।२०८२।२।१२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली २०७७ नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले नगरपालिकाका विद्यालयहरुको शैक्षिक स्तरोन्नतिका लागी सहयोग स्वरुप २० वटा विद्यालयलाई रु १ लाखका दरले निकास गरेको र निकासा दिदाँ विल प्रस्तावना बमोजिम विद्यालयले बिलभरपाई पेश गर्नुपर्ने उल्लेख गरेकोमा देहायबमोजिमको विद्यालयले उक्त रकम कुन कार्यमा खर्च गर्ने भनि प्रस्तावनामा उल्लेख गरि निकासा माग गरेको हो सो बमोजिमको बिल भरपाई पेश गर्नु पर्ने रु.

| सिनं | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | जनसेवा आधारभूत विद्यालय | १००००० |
| २ | श्री आधारभूत विद्यालय | १००००० |
| ३ | बालसेवक आधारभूत विद्यालय | १००००० |
| ४ | भीम आदर्श आधारभूत विद्यालय | १००००० |
| ५ | महेन्द्र आधारभूत विद्यालय | १००००० |
| ६ | ब्रम्हायणी आधारभूत विद्यालय | १००००० |
| ७ | दत्तात्रय आधारभूत विद्यालय | १००००० |
| ८ | हंसबाहिनी आधारभूत विद्यालय | १००००० |
| ९ | ब्रम्हचारिणी आधारभूत विद्यालय | १००००० |
| १० | नविन आधारभूत विद्यालय | १००००० |
| ११ | चण्डेश्वरी आधारभूत विद्यालय | १००००० |
| १२ | सन्तती आधारभूत विद्यालय | १००००० |
| १३ | ज्ञान विजय आधारभूत विद्यालय | १००००० |
| १४ | उदय आधारभूत विद्यालय | १००००० |
| १५ | शारदा आधारभूत विद्यालय | १००००० |
| १६ | सुस्त मनस्थिति कल्याण विद्यालय | १००००० |
| १७ | वरदायणी आधारभूत विद्यालय | १००००० |
| १८ | भारती आधारभूत विद्यालय | १००००० |
| १९ | समाज सेवा इन्ष्टिच्यूट आधारभूत विद्यालय | १००००० |
| २० | सिद्धि शारदा आधारभूत विद्यालय | १००००० |
| जम्मा | | २०००००० |

| प्रमाण पेश नगरेको | २०,००,००० |
|---|---|

५८ **विपन्न नागरिक औषधि उपचार विवरणः**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रबन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाका २९८ जनाको लागि रु. १ करोड ६८ लाख ५० हजार खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ ।

| क्र. सं . | विवरण | व्यक्ति संख्या |
|---|---|---|
| १ | मृगौला प्रत्यारोपन/ डाइलाईसिस गराईरहेका | ५१ |
| २ | क्यान्सर रोगी | २३९ |
| ३ | मेरुदण्ड पक्षघात | ८ |

| | जम्मा | २९८ |
|---|---|---|

यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५९ **कार्यस्थल सुरक्षा सामाग्रीः**

२३।०८१।८।१४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल, भर्पाइ, प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । पालिकाले कार्यस्थलमा सुरक्षा सामाग्री खरिद गरेकोमा सो सामग्री वितरण गरेको भर्पाई पेश नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| सामाग्रीको नाम | खरिद गरेको परिमाण | रकम रु. |
|---|---|---|
| लेबर पञ्जा | १०० जोर | १६६६७ |
| गमबुट | ७० जोर | ४५७६५ |
| | जम्मा | ६२४३२ |

| प्रमाण पेश नगरेको | ६२,४३२ |
|---|---|

६० **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत ३५० जना बेरोजगार सूचिमा सूचिकृत भएकोमा पालिका अन्तर्गत १० वडामा २० योजना सञ्चालन गरी यस वर्ष औषतमा ९८ दिन रोजगारी उपलब्ध गराई रु.५१०८००० श्रमिक ज्याला खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दिगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिँदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम दिगो रोजगारी प्रवर्द्धनमा ध्यान दिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

६१ **उपभोक्ता समिति परिचालन र व्यवस्थापन सम्बन्धमाः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा सोही नियमावलीका प्रावधान अनुसार कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले ८९ योजनामा रु १५ करोड ६० लाख ८५ हजारको कार्य उपभोक्ता समिति मार्फत गराएको छ।यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

**(क) खर्चको अनुमोदन-** नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भए बमोजिमको बिल, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन ।

**ख) प्राविधिक विल र कार्यसम्पन्न प्रतिवेदन-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

**ग) उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर-** सार्वजनिक खरिद नियमावली २०६४, को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्ता समितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समितिहरुसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाईएन । उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाईएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

**घ) हेभी इक्विपमेण्टको प्रयोग-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर एक्साभेटर लोडर रोलर ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांश मा लागत अनुमान तयार गर्दा को समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण, कालोपत्रे तथा सडक स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई सार्वजनिक निकायबाट सहमति लिएको पाईएन ।

**ङ) लागत सहभागिता-** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता बापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनु पर्दछ ।

**च) आयोजना हस्तान्तरण-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु पर्नेमा गरेको पाईएन ।

सैद्धान्तिक बेरुजु

६२ **बीमाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(३) मा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा अनिवार्य रुपमा बीमा गर्नुपर्ने व्यवस्था उल्लेख छ ।नियमावलीमा सम्झौता अवधिको सुरु देखि त्रुटि सच्याउने अवधिसम्मको बीमा गरेको प्रमाण निर्माण व्यवसायीले कार्यालय र निर्माण व्यवसायीको संयुक्त नाममा पेश गरी कर विजक सहित सोही विजकमा अवधि खुलाएर पेश गर्नुपर्ने व्यवस्था छ ।देहायका निर्माण कार्यहरुको सम्बन्धित निर्माण व्यवसायीले सम्झौता बमोजिम निर्माण कार्य शुरुदेखि सम्पन्न सम्मको र थप त्रुटि सच्याउने अवधि (DLP Period) सम्मको विमा गरेको विमालेख ल्याउनुपर्नेमा सो भन्दा कम अवधिको विमालेख ल्याएतापनि, डिएलपी अवधि सम्मकै विमा भुक्तानी भएकोले दामासाहीको हिसाबले नपुग अवधिको बढी भुक्तानी भएको रकम निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.

| सि नं | फर्मको नाम र ठेक्का नं | वीमा BOQ | वीमा भुक्तानी | वीमा लागू भएको अवधि । महिना | वीमा लागू नभएको अवधि । महिना | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | NCB। 01 । 2081.82 नेवा कन्सट्रक्सन ठिमी | ५०००० | ४९४८०।४७ | ६ | १३ | ३३८५५।०५ |
| २ | NCB। 02 । 2081.82 स्कारा । अभियन्ता जे भी | १००००० | ५६१०३।४५ | ४ | १३ | ४२९०२।६३ |
| ३ | NCB। 03 । 2081.82 विल्डकन डिजाईन एण्ड डेभेलपर्स प्रा लि | १६०००० | १४०१३०।०४ | ४ | १३ | १०७१५८।२६ |
| ४ | NCB। 04 । 2081.82 | ८०००० | ६६०१९।२६ | ३ | १३ | ५३६४०।६४ |
| जम्मा | | | | | | २३७५५६।५८ |

| असुल गर्नुपर्ने | २,३७,५५६.५८ |
|---|---|

६३ **अमानतबाट कार्यः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ को १ र ९८ को ३ अनुसार एक तह माथिको स्वीकृति लिएर रु १ लाख सम्मको निर्माण। मर्मत कार्य अमानतबाट गराउन सकिने व्यवस्था छ । यस पालिकाले वडा नं ३ का वडा सदस्य श्री कृष्णगोपाल चौगुठीको नाममा एक तह माथिको स्वीकृति नगराई भौ नं ५७ मिति २०८१।१०।२३ मा भक्तपुर महोत्सवको लागि १ लाख पेश्की लिई रु १५३६७२ खर्च गरेको देखिएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | १,५३,६७२ |
|---|---|

६४ **लागत सहभागिताः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १ क र ३ को १ क अनुसार १ करोड रुपैया सम्मको योजना उपभोक्ता समिति मार्फत सम्झौता गरी सम्पन्न गर्न सकिने उल्लेख छ । उपभोक्ता समितिको हिस्सा समेत अनिवार्य रुपमा समावेश गरी ६० लाख भन्दा माथिका योजनामा आईटम वाईज उपभोक्ता समितिको हिस्सा समावेश गर्नुपर्ने उल्लेख छ । यस पालिकाले आ व २०८१।८२ मा नगरस्तरमा ६६ उपभोक्ता समिति परिचालन गरी रु १६१७६५७२५।४२ भुक्तानी भएकोमा कुनै पनि उपभोक्ता समितिसँग लागत साझेदारी गरेको देखिएन । ६६ मध्ये ५ वटा उ स ले ६० लाखभन्दा माथि ८८ लाख सम्म भुक्तानी लिएको देखिन्छ । ऐन र नियमको मर्म विपरित उ स परिचालन गरेको देखिए पनि पालिकाले नागरिकको चन्दा श्रमदान समेतको हिस्सा वार्षिक रुपमा प्रकाशित हुने हुँदा अनिवार्य लागत साझेदारी नगरिएको जवाफ दिएको छ । नियमानुसार प्रत्यक्ष योजनागत लागत साझेदारी गरेर योजना कार्यान्वयन गराई पालिकाले उपभोक्ता समितिलाई जिम्मेवार वनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६५ **जटिल प्रकृतिको कामः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को ९ अनुसार उपभोक्ता समितिले जटिल प्रकृतिको काममा प्रयोग हुने मेशिनरी आईटम सहितको प्रयोग गरी गरिने कार्य गर्न सक्ने छैन भन्ने व्यवस्था छ । ९ को क मा मेशिनरी सहितको लागत अनुमान पालिकाले स्वीकृत गरेको अवस्थामा गर्न सक्ने व्यवस्था भए पनि पालिकाले स्वीकृत नगरी तपशिल वमोजिम ३ उपभोक्ता समिति मार्फत सडक कालोपत्रे (प्रिमिक्स कार्पेटिङ) को काम गरेको देखिएकोले नियमसम्मत नभएको भुक्तानी रु.

| सि नं | योजना उ सको नाम | कालोपत्रे | | |
|---|---|---|---|---|
| | | परिमाण | दर | रकम |
| १ | नपली ईशानेश्वर मन्दिर उ स उत्तर तर्फको वाटो पिच उ स | ११।०९ | २३६०८।१५ | २६१७३५।३४ |

| | | | | |
|---|---|---|---|---|
| २ | सल्लाघारी १० र सेपनीमा उत्तर वाटो पिच उ स | ७६।१८ | ४९५।४४ | ४३४०९१।८८ |
| ३ | वडा नं ७ मा पिच वाटो निर्माण उ स | ७९८।४६ | ४९५।४४ | ३९५५८६।५१ |
| | | जम्मा | | १०९१४१३।७३ |

| | |
|---|---|
| अनियमित भएको | १०,९१,४१४ |

६६ **ढुवानीको दरः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण। मर्मत कार्यको लागत अनुमान जिल्ला दररेटको आधारमा तयार पारी सोही अनुसार भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस पालिकाले ढुवानीको विभिन्न विधि र साधनको दररेट स्वीकृत गरी सोही अनुसार निर्माण । मर्मत कार्य गरेको देखिन्छ । वडाहरुमा निम्न वमोजिम एकै प्रकारको कार्य गर्दा फरक दरमा दररेट स्वीकृत गरी भुक्तानी दिएको देखिएकोले उपभोक्ता समितिसँग असुल उपर गर्नुपर्ने रु.

| भौ नं । मिति | उ सको नाम | आईटम | परिमाण | हुनुपर्ने दर | भएको दर | फरक दर | रकम |
|---|---|---|---|---|---|---|---|
| ६३।२०८१।१२। २७ | ख्यापुखु मर्मत सुधार उ स वडा नं ५ | ढुवानी भाडा | १७१। ५५ | ५०० | ७२१ | २२१ | ३७९१२.५५ |
| ५९।२०८१।१२। ०४ | अमात्य चोकदेखी सुकुलढोका चोकसम्म ढुङ्गा छपाई उ स वडा नं ५ | ढुवानी भाडा | ४२।१० | ५०० | ७२१ | २२१ | ९३०४.१ |
| १३७।२०८२।०३। २२ | जगाञ्चो स्थित पर्नी जग्गामा वाल लगाउने कार्य उ स वडा नं ६ | ढुवानी भाडा | १०९। ५७ | ३३१। २९ | ३८०। ९८ | ४९। ६९ | ५४४४.५३ |
| | | | | | | जम्मा | ५२६६१.१८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,६६१.१८ |

६७ **सामाजिक सुरक्षा भत्ता वितरणः**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५ सामाजिक सुरक्षा नियमावली २०७६, सामाजिक सुरक्षा भत्ता संचालन कार्यविधि २०७७ को प्रावधान वमोजिम गर्नु पर्ने व्यवस्था छ।यस आर्थिक बर्षमा पालिकाले देहायका लाभग्राहीलाई देहाय अनुसार लाभग्राहीको खातामा ई.एफ.टी गरी भत्ता वितरण गरेको छ।

| विवरण | प्रथम किस्ता | | दोस्रो किस्ता | | तेस्रो किस्ता | | चौथो किस्ता | |
|---|---|---|---|---|---|---|---|---|
| | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | ४९२१ | ५८५४०३३६ | ४९९३ | ५९४४०५२१ | ५०४४ | ६००८०८५८ | ५१०७ | ६०८८५१७६ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ६ | ४७८८० | ६ | ४७८८० | ६ | ४७८८० | ५ | ३९९०० |
| जेष्ठ नागरिक एकल महिला | ६०७ | ४८३३२२० | ६१५ | ४८८११०० | ५९१ | ४७०८२०० | ५५६ | ४४२८९०० |
| जेष्ठ नागरिक क्षेत्र तोकिएका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विधवा | १२५८ | ९९२४५४३ | १२८१ | १०१३९९२० | १३१३ | १०३८१०९३ | १३२७ | १०५४१५८० |
| पूर्ण अपाङ्गता भत्ता | ८७ | १०३३४१० | ८६ | १०२९४२० | ८६ | १०२९४२० | ८६ | १०२२३४१ |
| अति अशक्त अपाङ्गता भत्ता | २६६ | १६८७५०४ | २७० | १७१९४२४ | २७४ | १७४०७०४ | २८१ | १७५९९२५ |
| क्षेत्र तोकिएका बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| लोपन्मूख बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| दलित बालबालिका | १ | १५९६ | १ | १५९६ | २ | २१२८ | २ | ३१९२ |
| लोपन्मुख जाति | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ७१४६ | ७६०६८४८९ | ७२५२ | ७७२५९८६१ | ७३१६ | ७७९९०२८३ | ७३६४ | ७८६८१०१४ |
| कुलजम्मा | | | | | | | | ३०९९९६४७ |

सैद्धान्तिक बेरुजु

६८ **शिक्षा तर्फः**

६८.१ **सामुदायिक विद्यालयको दरबन्दी तथा पदपुर्तिः** आर्थिक वर्ष २०८१।८२ मा पालिका भित्रका २८ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी तथा पदपूर्तिको अवस्था देहाए बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ति मध्ये राहत/करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक | ४६१ (राहत र उ.मा.समेत) | ३९३ | ४३/२२ | ३ |

उक्त विवरण अनुसार पालिकामा जम्मा ४६१ दरबन्दी रहेकोमा ३९३ जना स्थायी पदपूर्ति र ४३ जना राहत र २२ जना करारमा नियुक्त गरी ४५८ पदपूर्ति गरेको देखिन्छ भने ३ पद रित्त रहेको छ ।

सैद्धान्तिक बेरुजु

६८.२ **शिक्षक विद्यार्थी अनुपातः** शिक्षा विभाग शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ मा गरिएको व्यवस्था अनुसार शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४० पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त २०८१ चैत्रको विवरण अनुसार पालिका अन्तरगतका विद्यालयको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क्र स | विद्यालय नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | Adarsha Azad Secondary School | ५९ | १०४२ | १:१८ |
| २ | Bagiswori Secondary School | ११३ | ४०९७ | १:३६ |
| ३ | Bal Mandir Basic School | ४ | ३३ | १:०८ |
| ४ | Bal Sewak Basic School | २३ | २४८ | १:११ |
| ५ | Baradayani Basic School | १० | ११३ | १:११ |
| ६ | Basu Secondary Schhool | ६८ | ८१६ | १:१२ |
| ७ | Bharati Basic School | २ | ४६ | १:२३ |
| ८ | Bhim Adarsha Basic School | १२ | १२९ | १:११ |
| ९ | Brahmacharini Basic School | ८ | ७७ | १:१० |
| १० | Bramhayani Basic School | १५ | ११७ | १:०८ |
| ११ | Chandeshwori Basic School | ११ | २०२ | १:१८ |
| १२ | Dattatraya Basic School | १९ | ६१ | १:०३ |
| १३ | Dhyola Basic School | २ | २१ | १:१० |
| १४ | Ganesh Secondary School | ४९ | ६३७ | १:१३ |
| १५ | Gyan Bijaya Basic School | १८ | ७२ | १:०४ |
| १६ | Hansabahini Basic School | ८ | ५९ | १:०७ |
| १७ | Jagriti Secondary School | १२ | १०२ | १:०८ |
| १७ | Janasewa Basic School | १४ | १०१ | १:०७ |
| १९ | Mahendra Basic School | ७ | १०८ | १:१५ |
| २० | Medha Secondary School | ४४ | ७९५ | १:१८ |
| २१ | CBR Organization Bhaktapur | ८ | ७२ | १:०९ |
| २२ | Nabin Basic School | २६ | २१७ | १:०८ |
| २३ | Padma Secondary School | ६० | ६१९ | १:१० |
| २४ | Samaj Sewa Institute Basic School | १४ | ८२ | १:०६ |
| २५ | Samaj Sudhar Secondary School | ३६ | ४६१ | १:१३ |
| २६ | Santati Basic School | १२ | १५४ | १:१३ |
| २७ | Sarada Basic School | १८ | ९४ | १:०५ |
| २८ | Saraswati Bidyagriha Secondary School | ३९ | ४७५ | १:१२ |

| | | | | |
|---|---|---|---|---|
| २९ | Shanti Niketan Secondary School | ४७ | ४०९ | १:०९ |
| ३० | Sharada Secondary School | २४ | ४१७ | १:१७ |
| ३१ | Shree Basic School | ४ | ७५ | १:१९ |
| ३२ | Siddhi Sarada Basic School | १३ | ७० | १:०५ |
| ३३ | Sustamanasthiti Kalyan School | १० | ३१ | १:०३ |
| ३४ | Tara Secondary School | ४५ | २९७ | १:०७ |
| ३५ | Udaya Basic School | ६ | ८२ | १:१४ |
| ३६ | Vidyarthi Niketan Secondary School | ४८ | ३१७ | १:०७ |

पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत रहेका ३६ वटा विद्यालयमा ४६१ जना शिक्षक र १२७४८ जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:२८ रहेको छ ।जुन अनुपात निर्धारित अनुपातभन्दा न्यून हो । श्री वगेश्वरी मा वि को शिक्षक विद्यार्थी अनुपात १:३६ रहेको छ भने श्री दत्तात्रय आधारभूत विद्यालय र सुस्थमनस्थिति कल्याण विद्यालयको शिक्षक विद्यार्थी अनुपात १:३ रहेको छ । कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६८.३ **विद्यालय र विद्यार्थी संख्याः** पालिकाले तयार पारेको शैक्षिक सत्र २०८१ चैत्रको विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.स | विद्यालयको किसिम | विद्यालय संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ३६ | १२७४८ |
| २ | संस्थागत विद्यालय | ५६ | २५१३७ |
| जम्मा | | ९२ | ३७८८५ |

उपरोक्त विवरण अनुसार पालिकाभित्रका ३६ सामुदायिक र ५६ संस्थागत सहित ९२ विद्यालयमा जम्मा ३७८८५ जना विद्यार्थी अध्यनरत रहेकोमा सामुदायिकमा ३३.६५ प्रतिशत र संस्थागतमा ६६.३५ प्रतिशत विद्यार्थी अध्यनरत रहेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६८.४ **प्रति विद्यार्थी लागतः** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/८२ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | ३९,२०,४५,०००।- | ३४९६८७१६६.६६ | १२७४८ | २७४३०.७४ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको बाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रु.२७४३०.७४ ।- रहेको छ ।

सैद्धान्तिक बेरुजु

६८.५ **शैक्षिक गुणस्तरः** पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८१ सालको एस.ई.ई. परीक्षामा जम्मा २४१० विद्यार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

| क्र.स. | जि.पि.ए. | जम्मा विद्यार्थी | उत्तीर्ण विद्यार्थी संख्या | | उत्तीर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१ - ४.०० | १५६७ संस्थागत | ५९५ | १९३ | ९५.५३% | ८०.७८% |
| २ | ३.२१ - ३.६० | ८४३ सामुदायिक | ५८३ | २१८ | | |
| ३ | ३.२१ भन्दा कम | | ३१९ | २७५ | | |
| | जम्मा | २४१० | १४९७ | ६८१ | | |

उल्लेखित तालिका अनुसार ३.६१ - ४.०० जि.पि.ए. ल्याउने ७८८ जना विद्यार्थी मध्ये ५९५ जना संस्थागतबाट र १९३ जना सामुदायिक विद्यालयबाट उत्तीर्ण भएको देखिन्छ भने ३.२१-३.६० जि.पि.ए. ल्याउने ८०१ विधार्थी मध्ये ५८३ जना संस्थागत र २१८ जना सामुदायिक विद्यालयबाट उत्तिर्ण भएको देखिन्छ । ३.२१ भन्दा कम ल्याउने ५२ विद्यार्थी ५९४ जना विद्यार्थी मध्ये ३१९ जना संस्थागत र २७५ जना सामुदायिक विद्यालयबाट उत्तिर्ण भएको देखिन्छ। जसअनुसार उच्च जि.पि.ए. ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएको तथा सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु २७,४३०.७४।–

रहेकोमा उत्तीर्ण प्रतिशत न्यून रहेकोले सामुदायकि विद्यालयको शैक्षिक गुणस्तरमा थप सुधार गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

६८.६ **शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजनः** पालिकाको औषत शिक्षक विद्यार्थी अनुपात १:२७ रहेकोमा सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गरेको पाईएन ।त्यसैले आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान तर्फ सम्बन्धित निकायहरुले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६८.७ **संस्थागत विद्यालयको छात्रवृत्तिः** भक्तपुर नगरपालिका शिक्षा ऐन २०७४ को दफा २३ (१) बमोजिम संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको १० प्रतिशत र विद्यार्थीलाई गरिब तथा जेहन्दार छात्रवृत्ति उपलब्ध गराउनुपर्ने उल्लेख छ ।

| क्र.सं. | विद्यालय | विद्यालय संख्या | विधार्थी संख्या | छात्रवृत्ति प्राप्त गर्नुपर्ने विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | संस्थागत | ५६ | २५१३७ | २५१३ | पालिकाले अनुगमन नगरेको |

पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गतका संस्थागत विद्यालयमा २५१३७ जना विद्यार्थी रहेकोमा विद्यालयले छात्रवृत्ति उपलब्ध गराए नगराएको सम्बन्धमा पालिकाले अनुगमन गरेको पाइएन ।अतः शिक्षा ऐनले तोके बमोजिमको छात्रवृत्ति सम्बन्धमा पालिकाले अनुगमन गरी गरिब तथा जेहन्दार विद्यार्थीको छात्रवृत्ति सुनिश्चित गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६८.८ **विद्यालय अनुदानको अनुगमनः** विद्यालय कार्यक्रम कार्यान्वयन कार्यविधि ०८१।८२ कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन अनुसार स्थानीय तहले विद्यालयहरुमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यस्थित गर्न र शिक्षामा हुने लगानी प्रभावकारी बनाउन आफ्नो तहको सयंन्त्रमा अनुदान व्यवस्थापन यूनिट निर्माण गरी अनुदानको निकासा गर्ने व्यवस्था उल्लेख छ । पालिकाले यस वर्ष विद्यालयहरुलाई पाठ्यपुस्तक अनुदान, दिवा खाजा अनुदान, ओजेटी अनुदान, आईसिटि ल्याब अनुदान, नमूना विद्यालय भौतिक निर्माण लगायत अन्य विभिन्न शीर्षकमा रु. ३,४०,१०,२४९ अनुदान निकासा दिएकोमा संयन्त्र परिचालन भएको सम्पूर्ण अनुदान खर्चको अनुगमन गरेको देखिएन । पालिकाले आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६८.९ **विद्यालय निकासा रजिष्टरः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठिक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ ।पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको विवरणको स्पष्ट विवरण खुल्ने गरी यथार्थ विवरण राख्नुपर्नेमा निकासा अभिलेख राखेको छैन ।अद्यावधिक निकासाको अभिलेख नराख्दा दोहोरो निकासा विद्यालयलाई जान सक्ने स्थिति छ । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानि दिएको बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६८.१० **शिक्षक अभिलेखः** पालिकाले पालिका भित्र रहेका विद्यालयहरुको स्वीकृत दरबन्दी (राहत, करार समेत) विद्यालयमा शिक्षक पदपूर्तिको अवस्था, सरुवाको विवरण, अवकास विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए नभएको भिडान गर्न सकिएन । पालिकाले विद्यालयबाट पेश गरेको माग फारामलाई मात्र आधार लिई तलब निकासा दिएको देखिएको हुँदा शिक्षक सरुवा, अवकाश भए पश्चात सम्बन्धित शिक्षकको तलब सुविधा रकम निकासा नभएको भनि भिडान गर्न नसकिएको हुँदा अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६८.११ **दिवा खाजा कार्यक्रमः** कार्यक्रम कार्यान्वयन कार्यविधि, ०८१।८२ को कार्यक्रम नं. २.७.११.१ मा पालिका भित्रका सामूदायिक विद्यालयमा प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मका बालबालिकालाई ईमिसको डाटा र उपस्थित दरलाई सत्यापन गराई प्रति विद्यार्थी प्रति दिन रु. १५ का दरले विद्यालयमा विद्यार्थीको भौतिक उपस्थितिमा पुरा समय विद्यालय सञ्चालन भएको दिन (परीक्षामा सामेल भएको दिन समेत) खाजा उपलब्ध गराईएका विद्यालयको प्रधानाध्यापक र वि.व्य.स अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक हाजिरी विवरण प्रमाणीत गराई स्थानीय तहमा यकिन गरी कूल १८० दिन ननाघ्ने गरी निकासा दिने उल्लेख छ । पालिकाले संघिय शसर्त कार्यक्रममा व्यवस्था भएको दिवा खाजा वापत १८० दिनका लागि रु. १,५४,६३,००० खर्च गरेको र १८० दिन भन्दा बढी सञ्चालन भएका विद्यालयका लागि थप पालिकाको आन्तरिक स्रोतबाट रु. १५ का दरले कूल रु. २,४३,३०५ पालिकाको निर्णयबाट थप भुक्तानी भएको छ ।नमुना परीक्षणका क्रममा कतिपय विद्यालयमा निकासा भएका दिवाखाजा रकमको माग फाराममा प्रधानाध्यापक तथा विद्यालय.व्य.समितिबाट विद्यार्थीको सङ्ख्यात्मक हाजिरी विवरण प्रमाणीत गरेको पाइएन । अतः कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम सङ्ख्यात्मक हाजिरी विवरण प्रमाणीत गराई स्थानीय तहमा सत्यापन गरी कूल १८० दिन ननाघ्ने गरी निकासा दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६९ **सामुदायिक सिकाई केन्द्र अनुदानः**

१३०।०८२।३।१५ कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.११(६.१) मा सामुदायिक सिकाई केन्द्र व्यवस्थापन तथा सञ्चालन अनुदान शिर्षकमा प्रति केन्द्र वार्षिक रु ३ लाख उपलब्ध गराउने र सो रकमबाट सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन समितिको निर्णयअनुसार परिचालकको प्रमाणित हाजिर अभिलेख हेरी मासिक रु. १०००० का दरले १२ महिनाको पारिश्रमिक र चाडपर्व खर्च उपलब्ध गराउने तथा नेपाल सरकारले निर्धारण गरेको न्यूनत्तम पारिश्रमिक बमोजिम नपुग हुने रकम स्थानीय तहबाट व्यवस्थापन गर्ने उल्लेख छ । बाँकि रकमबाट कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका सामुदायिक सिकाई केन्द्रहरुमा वार्षिक रु. ३ लाखका दरले अनुदान निकासा गरेकोमा सो सम्बन्धि देखिएका वेहोराहरु निम्नुसार छन् ।

६९.१ **(क)**पालिकाले देहायका सामुदायिक सिकाई केन्द्रहरुमा वार्षिक रु. ३ लाखका दरले अनुदान निकासा गरेकोमा निकासा रकम सदुपयोग गरेको प्रमाण कागजात पेश नभएकोले सोको प्रमाण कागजात पेश गर्नुपर्ने रु.

| सिकाईकेन्द्रको नाम | निकासा रकम | बिल भरपाई पेश रकम | अपुग विल भरपाई रकम | कैफियत |
|---|---|---|---|---|
| आस्था सामूदायिक सिकाईकेन्द्र | ३ लाख | १३०००० | १७०००० | सामाजिक परिचालकको पारिश्रमिकमा मात्र खर्च गरेको कार्यक्रम सञ्चालनको विल भर्पाई पेश नभएको |
| त्रिवेणी सामूदायिक सिकाईकेन्द्र | ३ लाख | ० | ३००००० | प्रमाण कागजात पेश नभएको |
| | | जम्मा | ४७०००० | |

| प्रमाण पेश नगरेको | ४,७०,००० |
|---|---|

६९.२ **(ख)** प्रगति सामुदायिक सिकाइकेन्द्रलाई रु. ३ लाख निकासा भएकोमा सिकाई केन्द्रले पेश गरेको प्रमाण कागजात र अडिट रिपोर्टमा रु. २५८५३६ खर्च भई रु. ४१४७४ बचत रकम रहेको देखिएकोले बचत रकम रु. ४१४७४ प्रगति सामुदायिक सिकाइ केन्द्रबाट असूल गरी संघीय सञ्चित कोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ४१,४७४ |
|---|---|

७० **निःशुल्क पाठ्यपुस्तक अनुदानः**

कार्यक्रम कार्यान्वयन कार्यविधि, ०८१।८२ को क्रियाकलाप नं. २.४.६.२ मा पालिका भित्रका सामूदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्ममा अध्ययनरत विद्यार्थीलाई विद्यालयले माग गरेको विद्यार्थी संख्या सहित रकमलाई ईमिसमा प्रविष्ट तथ्यांकसँग सामूदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीको यथार्थ तथ्यांक सत्यापन गराई अनुदान दिने र यसरी अनुदान दिंदा पहिलो पटकमा चालु शैक्षिक सत्रको विद्यार्थी संख्याको ७५% संख्यालाई हिसाव गरी अनुदान दिने र शैक्षिक सत्रमा भएको नँया विद्यार्थी संख्याको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने तथा सुरुको ७५% निकासा रकम बचत हुन आएमा विद्यालयमा निकासा हुने अन्य शिर्षकको रकमबाट कटाई स्थानीय तहले हिसाब मिलान गर्नुपर्ने व्यवस्था उल्लेख छ ।पालिकाले यस आ.व.मा भौ.नं. ७०।०८१।१२।४ बाट ७५ प्रतिशतवापतको प्रथम निकासा रु ४९६२९१२।७५ र थप अपुग दोस्रो निकासा वापत भौ.नं. १४१।०८२।३।१७ बाट गरी जम्मा रु ६२२९८१५।२५ निकासा गरेको छ । पालिकाले देहायका विद्यालयमा ईमिसिका आधारमा पाठ्यपुस्तकवापत रकम निकासा गरेकोमा विद्यालयले पाठ्यपुस्तक खरिद गरेको विल तथा वितरण गरेको भर्पाई पेश नगरेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.पालिकाले देहायका विद्यालयमा ईमिसिका आधारमा पाठ्यपुस्तकवापत रकम निकासा गरेकोमा विद्यालयले पाठ्यपुस्तक खरिद गरेको विल तथा वितरण गरेको भर्पाई पेश नगरेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| विद्यालयको नाम | निकासा रकम रु. | कैफियत |
|---|---|---|
| शारदा आवि | २०५१४ | विल भरपाई पेश नभएको |
| ब्रह्मचारिणि आवि | १३३३७ | विल भरपाई पेश नभएको |
| पद्म मावि | ३१५६११ | विल भरपाई पेश नभएको |
| उदय आवि | ४६८८ | विल भरपाई पेश नभएको |
| जम्मा | ३८५१६१ | |

| प्रमाण पेश नगरेको | ३,५४,१५० |
|---|---|

७१ **ओ.जे.टी. अनुदानः**

१३१।०८२।३।१५ शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.५०(२.६) मा शिक्षण सिकाइ सामाग्री तथा ओ.जे.टि. व्यवस्थापनका लागि प्राविधिक धारका विद्यालयलाई अनुदान अन्तर्गत कक्षा ९ देखि १२ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी रु. १५००० का दरले हुन आउने रकम एकमूष्ट अनुदान दिने र सो रकमबाट प्राथमिक तह तृतीय श्रेणीको १ जना ल्याब असिस्टेन्ट नियूक्त गर्ने, व्यवहारिक अभ्यासमा सहभागी विद्यार्थीलाई प्रति महिना रु. १००० का दरले विद्यार्थीको बैंक खातामा उपलब्ध गराउने र बाँकी रकमबाट प्रशिक्षक भत्ता एवम् ल्याव सामाग्रिका अतिरिक्त विद्यार्थीका लागि पाठ्यपुस्तक/पाठ्यसामाग्रि लगायतका शिक्षण सिकाई व्यवस्थापनका लागि उपयोग गर्न सकिने र कार्यक्रमसँग सम्बन्धित प्रगति प्रतिवेदन स्थानीय तहमा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले श्री पद्म मा. वि. (सिभिल ईन्जिनियरिङ्ग) तर्फका कक्षा ९ देखी १२ सम्मका ३७

जना विद्यार्थीका लागि प्रति विद्यार्थी रु. १५००० का दरले रु.५,५५,००० निकासा गरेकोमा सम्पादित ओजेटि अनुदानको पालिकाबाट अनुगमन प्रतिवेदन पेश भएको छैन् ।साथै विद्यालयले निकासा भएको अनुदान रकमको कार्यान्वयन कार्यविधि बमोजिम प्रमाण कागजात तथा प्रगति प्रतिवेदन पेश गरेको देखिएन । अतः सोको प्रमाण कागजात तथा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५,५५,००० |
|---|---|

७२ **प्राविधिक शिक्षा सञ्चालन (CTEVT) अनुदानः**

७४।०८१।१२।१२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल, भर्पाइ, प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । प्राविधिक शिक्षा सञ्चालनको लागि स्थानीय तहमार्फत अनुदान वितरण मापदण्ड, २०८० को बुंदा २ मा अनुदान प्राप्त गर्ने शिक्षालयको योग्यता सम्बन्धि व्यवस्था उल्लेख छ । जसअनुसार प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको सम्बन्धन लिई प्रि डिप्लोमा तह वा डिप्लोमा तहको कुनै एक कार्यक्रम सञ्चालनमा रहेको सामुदायिक विद्यालय वा गैर नाफामूलक संगठित संस्था भएको र चालु शैक्षिक सत्रमा प्रशिक्षार्थी भर्ना कम्तिमा एक कार्यक्रममा तोकिएको कोटाको कम्तिमा ५० प्रतिशत रजिष्ट्रेशन अनिवार्य कायम भएको हुनुपर्ने उल्लेख छ ।पालिकाले श्री वागिश्वरी माविलाई CTEVT को मापदण्ड बमोजिम सामूदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान वापत ३ वटा कार्यक्रममा लागि प्रति कार्यक्रम रु ७ लाखका दरले जम्मा रु. २१ लाख निकासा गरेकोमा विद्यालयले एक कार्यक्रममा तोकिएको कोटाको कम्तिमा ५० प्रतिशत रजिष्ट्रेशन कायम गरेको प्रमाण तथा निकासा रकम सदुपयोगको प्रमाण कागजात पेश नगरेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| विद्यालयको नाम | विवरण | निकासा रकम रु. |
|---|---|---|
| वागिश्वरी मावि | १८ महिने प्रि डिप्लोमा कार्यक्रम | ७ लाख |
| | २४ महिने प्रि डिप्लोमा कार्यक्रम | ७ लाख |
| | ३६ महिने डिप्लोमा ईन सिभिल ईन्जिनियरिङ्ग कार्यक्रम | ७ लाख |
| | जम्मा | २१ लाख |

| प्रमाण पेश नगरेको | २१,००,००० |
|---|---|

७३ **सेनेटरी प्याड खरिद, वितरण तथा मौज्दातः**

सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धित स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा एक छात्राले बढीमा १६ वटा सेनेटरी प्याड प्राप्त गर्ने गरी आवश्यक मात्रामा खरिद गरी सम्बन्धित विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रक्रिया सुचारु गरी अर्को महिनाको ७ गतेभित्र सूचना पाटीमा विवरण टाँस्नुपर्ने व्यवस्था छ। त्यस्तै कार्यविधिको दफा २०(६) मा स्थानीय तहले विद्यालयको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्यांकसँग सत्यापन गरी सेनेटरी प्याड आवश्यक पर्ने छात्राहरुको संख्याको आधारमा कार्यविधि बमोजिम हुने गरी विद्यालयहरुको खातामा रकम निकासा गर्न सक्ने व्यवस्था उल्लेख छ । साथै स्थानीय तहले विद्यालयबाट हुने स्यानिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सो कार्यमा भएका कार्यहरुको प्रतिवेदन तयार गरी पालिकामा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आ.व. मा देहायका विभिन्न १८ वटा विद्यालयका कक्षा ६ देखि १२ सम्मका ३२५१ जना छात्राका लागि नगद कूल रु.३४,१३,५५०।– विद्यालयको नाममा निकासा गरेकोमा सम्बन्धित विद्यालयले स्यानिटरी प्याड खरिद विल तथा वितरण भर्पाई प्रमाण पेश नगरेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| विद्यालयको नाम | कक्षा ६ देखि १२ का जम्मा छात्रा संख्या | जम्मा निकासा रु. |
|---|---|---|
| सन्तति आवि | ७ | ७३५० |
| भीम आदर्श आवि | ७ | ७३५० |
| नवीन आवि | १४ | १४७०० |
| आदर्श आजाद मावि | ४०५ | ४२५२५० |
| बासु मावि | २०९ | २१९४५० |
| सरस्वती विद्यागृह मावि | ९९ | १०३९५० |
| शान्ति निकेतन मावि | १३० | १३६५०० |
| समाज सुधार मावि | ८७ | ९१३५० |
| ज्ञान विजय आवि | ९ | ९४५० |
| गणेश मावि | १२० | १२६००० |
| बाल सेवक आवि | १८ | १८९०० |
| शारदा मावि | १३९ | १४५९५० |
| विद्यार्थी निकेतन मावि | ९० | ९४५०० |
| चण्डेश्वरी आवि | २ | २१०० |
| मेधा मावि | २२० | २३१००० |
| बरणदायि आवि | १ | १०५० |
| तारा मावि | ७५ | ७८७५० |
| वागीश्वरी मावि | १४२५ | १४९६२५० |

| | | |
|---|---|---|
| जागृति मावि | २५ | २६२५० |
| पद्म मावि | १४९ | १५६४५० |
| दतात्रय आवि | ७ | ७३५० |
| सुस्त मनस्थिति कल्याण वि | १३ | १३६५० |
| जम्मा | | ३४१३५५० |

| प्रमाण पेश नगरेको | ३४,१३,५५० |
|---|---|

७४ **विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण अनुदानः**
१४०।०८२।३।१७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल, भर्पाइ, प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । पालिकाले देहायका विभिन्न शीर्षकहरुमा विद्यालयहरुलाई अनुदान रकम निकासा गरेकोमा सम्बन्धित विद्यालयले अनुदान रकमको कार्यान्वय कार्यविधि बमोजिम सदुपयोग गरेको प्रमाण कागजात पेश नगरेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| भौन र मिति | विद्यालयको नाम | विवरण | निकासा रकम | शिर्षक नं. |
|---|---|---|---|---|
| १४०।०८२।३।१७ | दत्तात्रय आवि | ICT व्यवस्थापन | ६५०००० | २. ७ . १३ . १३ |
| | शारदा मावि | पुस्तकालय व्यवस्थापन | ६५०००० | २. ७ . १३ . १३ |
| | बासु मावि | विज्ञान प्रयोगशाला | ६५०००० | २. ७ . १३ . १३ |
| | चण्डेश्वरी आवि | उत्कृष्ट विद्यालय अनुदान | ३००००० | २. ७ . १३ . १३ |
| | वागिश्वरी मावि | कार्यसम्पादनमा आधारित अनुदान | ६०००००० | २. ७ . १३ . १३ |
| | पद्म मावि | नमूना विद्यालय ( ११ - १२ ) अनुदान | २९१९१२९ | २. ७ . १३ . १३ |
| | गणेश मावि | ९- १० मा अंग्रेजी विज्ञान र गणित अनुदान | ११८७९१४ | २. ७ . १३ . ४० |
| | समाज सुधार मावि | ९- १० मा अंग्रेजी विज्ञान र गणित अनुदान | ५९३९५७ | २. ७ . १३ . ४० |
| १३६।०८२।३।१६ | पद्म मावि | ल्याब सामग्री सहयोग अनुदा | २००००० | २. ७ . १३ . १० |
| जम्मा | | | १३१५१००० | |

| प्रमाण पेश नगरेको | १,३१,५१,००० |
|---|---|

७५ **उत्कृष्ट विद्यालय अनुदानः**
१४०।०८२।३।१७ शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधिको कार्यक्रम नं. २.७.१३.१३(९.१) मा शैक्षिक व्यवस्थापकिय सुधार सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान वापत पालिकाबाट छनौट भएका विद्यालयलाई रु. २ लाख देखि ३ लाख सम्म एकमुष्ट अनुदान उपलब्ध गराउने उल्लेख छ । पालिकाले यस आ.व.मा श्री भीम आदर्श आविलाई शैक्षिक गुणस्तर सुदृढिकरण एंवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानवापत रु २ लाख निकासा गरेकोमा पालिकाद्धारा अनुगमन प्रतिवेदन पेश भएको छैन । विद्यालयले पेश गरेको प्रमाण कागजातमा रु ६३००० रकम अतिरिक्त शिक्षक व्यवस्थापनमा खर्च गरेको छ भने रु १३७००० शैक्षिक सामग्री व्यवस्थापनमा खर्च गरेकोमा खरिद भएका शैक्षिक सामग्रीको जिन्सी दाखिला प्रमाण पेश नगरेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | १,३७,००० |
|---|---|

७६ **विद्यालयको भौतिक सुधार कार्यको बिल भर्पाईः**
१०२१।२०८२।२।५ नगर शिक्षा समिति भक्तपुर नगरपालिकाको मिति २०८२।१।२३ को बैठकको निर्णयानुसार नगरभित्र सञ्चालित विद्यालयहरुबाट विद्यालय व्यवस्थापन समितिको निर्णय सम्बन्धित वडा कार्यालयको सिफारिस र वडा कार्यालयका प्राविधिक मार्फत लागत ईष्टिमेट सहित नगरपालिकाबाट शिक्षा क्षेत्रलाई उपलब्ध हुने स्रोतको परिधिभित्र रही तोकिएको सीमाभित्रै कार्य सम्पन्न गरी आवश्यक कागजातसहित विल भरपाई साथै कार्यसम्पन्न प्रतिवेदन पेश गर्न लगाउने निर्णय बमोजिम देहाय बमोजिमका विद्यायलहरुलाई भौतिक सुधारको लागि रकम निकासा गरेकोका लेखापरीक्षण अवधि सम्म पालिकामा नगर शिक्षा समितिको निर्णय बमोजिमको प्राविधिक इष्टिमेट विल भरपाई सहित कार्यसम्पन्न प्रतिवेदन पेश गरेको नपाइएकोले खर्च पुष्टि गर्ने प्रमाणकागजात सहित कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| विद्यालयको नाम | रकम | प्रयोजन |
|---|---|---|
| तारा मावि | ४००००० | मूल भवनमा छत निर्माण |
| शान्ति निकेतन मावि | ५००००० | बाढीबाट क्षति भएका सामाग्री खरिद |
| भारती आवि | २००००० | विद्यालय सुधार कार्य |
| सन्तति आवि | ६००००० | जग्गा तथा शिक्षक थप माग, रंगरोगन कौसी घेराबार पानी ट्याङ्की बत्ती व्यवस्थापन घर भाडा ( अनुगमन समितिको सिफारिस ) |
| ब्रह्मायणी आवि | १००००० | भौतिक शैक्षिक सुधार |

| | | |
|---|---|---|
| समाजसेवा इन्स्टिच्युट आवि | १००००० | विद्युत वायरिङ |
| महेन्द्र आवि | १००००० | फर्निचर खरिद |
| सरस्वती विद्यागृह मावि | ७००००० | डेक्स बेञ्च बालमैत्री |
| जम्मा | २७००००० | |

| प्रमाण पेश नगरेको | २७,००,००० |
|---|---|

७७ **धानको बिउ वितरणः**

१२००।२०८२।३।२० आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली २०७७ नियम ३५(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले खुमल ११ जातको धानको बिउ किसानहरुलाई वितरण गर्न ५०० केजी रु १२० को दरले रु६०००० को खरिद गरेकोमा लेखापरीक्षणको अवधिमा २६४ केजी वितरण गरेको भरपाई पेश भएकोले बाँकी २३६ केजीको वितरण भरपाई अथवा मौज्दात विवरण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | २८,३२० |
|---|---|

७८ **स्वकीय सचिवः**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को अनूसूची १ ख मा नगरपालिकाका प्रमुख उपप्रमुख वडा अध्यक्ष कार्यपालिका सदस्य तथा वडा सदस्यले पाउने सुविधा उल्लेख गरेको छ ।उक्त अनुसूची अनुसार नगरपालिकाका प्रमुखले स्वकिय सचिव सुविधा पाउने देखिँदैन तर पालिकाले १ जना स्वकीय सचिव करारमा नियुक्त गरी मासिक ४३६८७ का दरले यस वर्ष रु ५९०९५७ भुक्तानी गरेको छ ।यसरी पदाधिकारीको सुविधामा उल्लेख नभएको पदमा कर्मचारी नियुक्त गरी तलब भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ५,९०,९५७ |
|---|---|

७९ **बैंकिङ भुक्तानी प्रणालीः**

नेपाल सरकार प्रदेश तथा स्थानीय तह, विश्वविद्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, समिति परियोजना, प्रतिस्ठान र मातहतका निकायमा काम गर्ने सबै श्रमिक तथा कर्मचारीको पारिश्रमिक एवं वित्तीय सुविधा बैंकिङ्ग, च्यानलबाट भुक्तानी गर्ने प्रक्रियाको प्रारम्भ गर्नुपर्ने भनी नेपाल सरकार मन्त्रिपरिषदले मिति २०७५ साउन १ गते निर्णय गरेको छ । पालिकाले प्रमुख, उपप्रमुख लगायत पदाधिकारी एवं कार्यपालिकाका सदस्य ४५ जनालाई पारिश्रमिक सुविधा वापत मासिक कर बाहेक रु ६८११२० र वार्षिक कर बाहेक रु ८१७३४४० वडा अध्यक्ष श्री हरिप्रसाद बासुकलाको नाममा भुक्तानी गरी निजले सम्बन्धितलाई नगद बुझाई भरपाई संलग्न गरेको देखिन्छ । कर्मचारी एवं पदाधिकारीको पारिश्रमिक सुविधा उपयुक्त एवं विद्युतीय प्रणाली मार्फत भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८० **जनप्रतिनिधिलाई पेश्कीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्य विधि सम्बन्धमा उल्लेख छ । सोही दफाको उपदफा १ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने र उपदफा २ मा अख्तियारी प्राप्त भएको १५ दिन भित्र प्रमुख प्रशासकिय अधिकृतले सम्बन्धित महाशाखा वा शाखा प्रमुख र वडा सचिवलाई कार्यक्रम र बजेट सहित प्रचलित कानुन बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने उल्लेख छ ।जनप्रतिनिधिको नगर सभाबाट प्रमुख प्रशासकीय अधिकृतलाई र प्रमुख प्रशासकीय अधिकृतबाट शाखा महाशाखा हुँदै वडा सचिवलाई खर्चको अख्तियारी दिएकोमा अख्तियारी बमोजिम कर्मचारी मार्फत कार्यक्रम कार्यन्वयन र भुक्तानी गर्नुपर्नेमा पुनःअख्तियारी प्रदान गर्ने जनप्रतिनिधिहरुलाई नै पेश्की दिइ कार्य गराउनु नियमसम्मत तथा औचित्यपूर्ण देखिदैन । पेश्की लिने र प्रशासनिक कार्य कर्मचारी मार्फत गराउनु पर्नेमा पालिकाले जनप्रतिनिधिलाई पेश्की निकासा दिई कार्य गराएका केही उदाहरणहरु देहाय बमोजिम रहेका छन् ।

| गो भौ नं र मिति | पेश्की लिने पदाधिकारीको नाम | कार्य विवरण | पेश्की रकम रु. |
|---|---|---|---|
| १८०।२०८१।६।८ | सुनिता प्रजापती अवाल कार्यपालिका सदस्य | नपा भित्रका संस्थागत र सामुदायिक विद्यालयका शिक्षकहरुलाई विभिन्न खेल प्रशिक्षणको लागि पेश्की | ६००००० |
| ७१७।२०८१।११।५ | ज्ञान बहादुर मानन्धर वडा सदस्य | राष्ट्रपति रनिङ प्रतियोगिताको लागि | ३५०००० |
| ८२४।२०८१।१२।४ | रोशन मैया सुवाल वडा सदस्य | अपाङ्गता भएका व्यक्तिहरुलाई सर्वोत्तम पिठो वितरण कार्यको लागि | १००००० |
| ८७७।२०८१।१२।१९ | श्यामकृष्ण खत्री वडा अध्यक्ष | नपाबाट हुने अन्तर नगर जिम्न्याष्टिक प्रतियोगिताको लागि | १५००००० |

| सैद्धान्तिक बेरुजु |
|---|

८१ **कानुनी परामर्शः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) अनुसार तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने कुरा उल्लेख छ । पालिकाले कानूनी परामर्शकर्ताको रुपमा १ जनालाई नियुक्त गरी मासिक रु.३० हजारका दरले वार्षिक रु.३,६०,००० भुक्तानी गरेको छ । हाल नगरपालिकामा विगत वर्षबाट सरेर आएका १६ यस वर्ष थप १५ गरी ३१ वटा मुद्दा दर्ता भएकोमा १२ वटा फैसला भएको अवस्था छ भने १९ मुद्दा अदालतमा विचाराधीन रहेको र ती मुद्दाहरु प्रतिरक्षा लागि आवश्यक जनशक्ति नरहेकाले मुद्दाको लिखित जवाफ तयार गर्ने, अदालती बहस पैरवी एवं कानूनी प्रतिरक्षा गर्ने लगायतका कार्यहरु कानूनी परामर्श मार्फत् हुँदै आएका छन् । प्रत्येक वहस पैरवीको आधारमा खर्च भुक्तानी गर्नुभन्दा मासिक पारिश्रमिक भुक्तानी गर्ने गरी सल्लाहकार नियुक्त गरी कार्य गराउँदा पारिश्रमिक खर्च कम लाग्ने हुँदा विस २०४० साल देखि सल्लाहकार नियुक्त गरी पारिश्रमिक भुक्तानी गर्ने गरेको पालिकाको भनाई छ । तसर्थ कानूनी सल्लाहकार नियुक्त गरी तलब भत्ता भुक्तानी गर्नु भन्दा कानून शाखाका कर्मचारीलाई दक्ष बनाई कार्यालयबाट वहस पैरवी हुने व्यवस्था गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८२ **सम्झौता पेश नभएकोः**

११।२०८१।४।२२ पालिकाले जैविक फोहोर व्यवस्थापन गरी मल उत्पादन गराउने कार्यको लागि रिकिशी कम्पोस्ट प्रालि सँग मिति २०७९।३।२७ मा सम्झौता गरेको छ। गत वर्षको भुक्तानी बाँकी दायित्व राखी यस वर्ष रिकिशी कम्पोष्ट प्रालिलाई रु ५०००० भुक्तानी गरेकोमा उक्त फर्मसंग भएको सम्झौता अनुसार करार अवधि मिति २०७८।११।८ देखि लागू भई २ वर्ष सम्म कायम हुने र आवश्यकता अनुसार करार अवधि बढाउन सकिने उल्लेख गरेकोमा उक्त सम्झौता मिति २०८०।११।९ मा समाप्त भएको देखिएकोले २०८१।३ महिनाको भुक्तानी पालिकाले गरेकोमा करार नवीकरण सम्झौता लेखापरीक्षणको क्रममा माग गर्दा पेश नभएकोले नविकरण गरेको सम्झौता पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५०,००० |
|---|---|

८३ **सरसफाइ सामान र सेवा शुल्कः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको मालसामान खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र उद्योग वाणिज्य संघले जारी गरेको दररेट समेतलाई आधार मानेर लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले CNMB प्रविधिबाट कुहिने फोहोरलाई कम्पोष्ट मल बनाउन आवश्यक कच्चा पदार्थ खरिद कार्य गर्दा उक्त नियम बमोजिमको प्रकृया पुरा नगरी सोही फर्मबाट प्राप्त दररेटलाई स्थानिय दररेट मानी सोही आधारमा लागत अनुमान तयार गरेको पाइयो ।फर्मले दिएको दररेटलाई नै आधारमानी लागत अनुमान रु ६०८५००० तयार गरी २०८१।५।३१ मा खुला बोलपत्रको सूचना प्रकाशन गरेको देखिन्छ ।उक्त कम्पोष्ट मल बनाउन आवश्यक कच्चा पदार्थ खरिद कार्यमा १ मात्र बोलपत्रदाताले बोलपत्रमा सहभागी भइ रु ६३९५००० कबोल अंक राखेको देखिन्छ।साथै प्राइस सेडुअल फर गुड्मा सेमत रु ६३९५००० उल्लेख गरी कुनै छुट दिने उल्लेख गरेको नदेखिएको र नगरपालिकाको लागत अनुमान भन्दा ५.०९ प्रतिशत बढी कबोल गरेकोमा कार्यालयले उक्त खरिद सम्झौता रद्द गर्नुपर्नेमा उक्त फर्मसंग कार्यालयले छुट लिने विषयमा पत्राचार गरेको देखिदैन तर उक्त फर्मले लागत अनुमान बराबर छुट दिने मिति २०८१।७।६ को निवेदनको आधारमा बोलपत्र मुल्याङ्कन समितिले उक्त फर्मले पेश गरेको लागत अनुमान बराबरको दरलाई स्वीकार गरी कार्यालयले खरिद सम्झौता गरेको देखिन्छ ।यस सम्बन्धमा पालिकासंग छलफल गर्दा एकमात्र प्रोप्राइटरी सप्लायर्स भएकोले पुन: सूचना प्रकाशन नगरी उक्त फर्मसंग लागत अनुमान बराबर छुट माग गरी सम्झौता गरेको जनाएकोमा उक्त फर्मले प्रोप्राइटरीको आधिकारीकपत्र समेत पालिकामा पेश गरेको पाइएन । वातावरण संरक्षणमा अब्वल जापनिज प्रविधि भएको भन्ने फर्मले दावी गरे पनि दररेट तयारी, आधिकारिकता प्रमाणीकरण लगायतको कमी देखिएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ६३,९५,००० |
|---|---|

८४ **विज्ञापन करः**

विज्ञापन नियमन गर्ने एन २०७६को दफा २१(२)ख र विज्ञापन नियमन गर्ने नियमावली २०७७को ६(क) (३) तथा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको २०७९।५।७को परिपत्रमा सवै सरकारी विज्ञापन वापत भुक्तानी हुने रकममा ऐनको दफा २१ ख बमोजिम तीन प्रतिशतले हुन आउने रकम भुक्तानी गर्दाको वखत नै कट्टा गरी विज्ञापन वोर्डको एभरेष्ट बैक सिंहदरवारमा रहेको बैक खाता नंबर ००१२०१०५२०००३७[office of the Advertisement Board] मा नियमित रुपमा पठाउनु पर्ने निर्देशन गरेको छ।नमुनाको रुपमा परीक्षण गर्दा पालिकाले निम्नानुसार विज्ञापन भुक्तानीमा कर रकम कट्टा गरी विज्ञापन वोर्डको एभरेष्ट बैक सिंहदरवारमा रहेको बैक खाता नंबर ००१२०१०५२०००३७[office of the Advertisement Board]मा नियमित रुपमा पठाएको नदेखिएकोले कानुनको पालना गरी सम्बन्धितबाट असुल गरी विज्ञापन वोर्ड पठाउनु पर्ने रु.

| भौ नं मिति | विज्ञापन प्रकाशन गर्ने | कर वाहेक रकम | ३% कर रकम |
|---|---|---|---|
| ९१।२०८१।५।११ | मजदुर दैनिक भक्तपुर | २९५५७४ | ८८६७ |
| ४०६।२०८१।८।१३ | मजदुर दैनिक भक्तपुर | ४४२४९५ | १३२७४ |
| ९५०।२०८२।१।११ | मजदुर दैनिक भक्तपुर | ७०१२६८ | २१०३८ |
| ११४३।२०८२।३।८ | मजदुर दैनिक भक्तपुर | ६२२८६८ | १८६८६ |
| १२३६।२०८२।३।२२ | मजदुर दैनिक भक्तपुर | २३४३३७ | ७०३० |
| जम्मा | | | ६८८९५ |

| असुल गर्नुपर्ने | ६८,८९५ |
|---|---|

८५ **कर समायोजनः**

मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर बिजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको फर्मबाट सूचना प्रकाशन गरी पेश गरेको बिल हातले केरमेट गरेको पाइएकोले उक्त कर रकम समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| फर्मको नाम | विल नं मिति | मुअकर बाहेक रकम | मुअकर रकम |
|---|---|---|---|
| मजदुर दैनिक | ४७२ मिति केरमेट | ४२४८० | ५५२२ |
| मजदुर दैनिक | ४७१।२०८१।९।२८ | ११८०८ | १५३५ |
| जम्मा | | | ७०५७ |

| प्रमाण पेश नगरेको | ७,०५७ |
|---|---|

८६ **भुक्तानी बाँकी प्रमाणीत वेगर खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरीद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु १४७००० ।- भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी गर्दा बजेटमा व्यवस्था गरी भुक्तानी बाकीँको कच्चावारी प्रमाणित गराई खर्च लेख्नुपर्नेमा सो नगरी खर्च लेखेको नियमित नदेखिएको रु.

| भौचर नं | विवरण | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १२०।२०८१।५।२१ | नपाबाट संचालित जापनीज भाषा कक्षा २०८० चैत्र देखि २०८१ असार सम्मको | १४७००० |
| जम्मा | | १४७००० |

| | |
|---|---|
| अनियमित भएको | १,४७,००० |

८७ **आयोजनाहरु तर्फ आन्तरिक नियन्त्रणका वेहोराहरुः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा (३१) बमोजिम कार्यालयको कामको प्रकृति अनुसार आन्तरीक नियन्त्रण प्रणाली तयार गरी लागु गराउनुपर्ने उल्लेख छ । संस्थाहरु/निकायहरुले तोकिएको ढाँचामा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको नदेखिएकोले नियमानुसार तयार गरी लागू गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका व्यवहोराहरु निम्नुसार छन् ।
• आयोजना लगायतका अन्य निकायहरुले आर्थिक वर्ष २०८१।८२ का बित्तीय विवरणहरु नेपाल लेखामान वोर्डद्धारा जारी गरिएको गैर नाफामूलक संस्थाहरुको लागि लागू हुने नेपाल लेखामान NAS 32 अनुरुप तयार गरेको नदेखिएकोले तोकिए अनुसार तयार गर्नुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, को नियम ९९ मा सरकारी सम्पत्ती तथा जिन्सी मालसमानको निरीक्षण सम्वन्धी व्यवस्था गरेको छ । निकायले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ती तथा जिन्सी मालसमानको मौजुदा अवस्थाको सम्वन्धमा बर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसमान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा समिति गठन गरी मालसमानको वर्तमान अवस्था र लिलामविक्रि, मिन्हा, मर्मत गर्नुपर्ने र सावुत समानको जिन्सी निरिक्षण गरी गराई महालेखा परीक्षकवाट स्वीकृत ढांचामा सम्पत्ति तथा जिन्सी निरिक्षण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । आयोजना लगायतका अन्य निकायहरुले सालबसाली रुपमा गर्नुपर्ने जिन्सी निरिक्षण चालु आर्थिक बर्षमा भएको पाईएन तथा नियमावलीको नियम १०१ बमोजिमको जिन्सी मौज्दातको बार्षिक विवरण समेत तयार गरेको पाईएन।

• ख्वप टेलिभिजनले बजेट खर्च तथा आम्दानी गर्दा महालेखा परीक्षकको कार्यालयवाट स्वीकृत फारमहरु प्रयोग गरी श्रेस्ता व्यवस्थित गर्नुपर्दछ । टेलिभिजनले डोर हांजिरमा काम लगाउदा मलेप फारामहरु कार्यान्वयन गरेको देखिएन ।

• थंथु निर्माण तथा पुनःनिर्माण आयोजनाले बजेट खर्च तथा आम्दानी गर्दा महालेखा परीक्षकको कार्यालयवाट स्वीकृत फारमहरु प्रयोग गरी गर्नुपर्दछ । तर आयोजनाले गोश्वारा भौचर, वैंक नगदी किताव, डोर हांजिरमा काम लगाउदा सो प्रयोग गरेको पाइएन भने बजेट खर्च गर्दा एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ अनुसार बजेट शीर्षक मिलाई खर्च लेख्नु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८८ **अरनिको सभा भवनतर्फः**

८८.१ **परिचय:** अरनिको सभा भवन निर्माण आयोजना, दोश्रो चरण, भक्तपुर नगरपालिकाद्वारा अघि बढाइएको एक महत्वपूर्ण सार्वजनिक पूर्वाधार विकास योजना हो। पहिलो चरण अन्तर्गत जग्गा व्यवस्थापन लगायतको कार्य गरिएको थियो । यस आयोजनाको उद्देश्य स्थानीय स्तरमा शैक्षिक, सांस्कृतिक, सामाजिक तथा साहित्यिक कार्यक्रम सञ्चालन गर्न उपयुक्त र आधुनिक सभागृह उपलब्ध गराउनु हो। ऐतिहासिक व्यक्तित्व अरनिकोको नामबाट नामकरण गरिएको यो सभाभवनले कला, वास्तुकला र सांस्कृतिक पहिचानलाई पनि सम्मान गर्ने लक्ष्य राखेको छ। यसले स्थानीय समुदायबीच सामाजिक एकता, बौद्धिक गतिविधि र सांस्कृतिक संरक्षणमा टेवा पुर्‍याउने अपेक्षा गरिएको छ।

सैद्धान्तिक बेरुजु

८८.२ **आय व्यय विवरण/वासलात:**

| आय | | व्यय | |
|---|---|---|---|
| विवरण | रकम रु | विवरण | रकम रु |
| शुरु मौज्दात | ०।०० | बजेट खर्च | १०, ०४ , ८९ , ५४६।०० |
| नगरपालिकावाट निकासा | ४, ९८ , ७१ , ५०६।०० | बैंक मौज्दात | ६, १४ , ९३०।०० |
| संघीय सरकारवाट निकासा | ५, ०० , ०० , ०००।०० | | |
| धरौटी काट्न बाँकी | १२, ३२ , ९७०।०० | | |
| जम्मा | १०, ११ , ०४ , ४७६।०० | जम्मा | १०, ११ , ०४ , ४७६।०० |

सैद्धान्तिक बेरुजु

८८.३ **पेश्की बाँकी:** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ बमोजिम आयोजनाको आर्थिक बर्षको अन्त्यसम्म पनि फछ्यौट हुन नसकी बांकी रहेको पेश्की फछ्यौट गर्नुपर्दछ ।

| क्र सं | पेश्की लिनेको विवरण | वापत | रकम रु |
|---|---|---|---|
| १ | एटलस स्मार्ट जे भी | निर्माण पेश्की | १ ३१ १२ ०००।०० |

सैद्धान्तिक बेरुजु

८९ **ख्वप अस्पताल भवन निर्माण आयोजनाः**

८९.१ **परिचय:** ख्वप अस्पतालको भौतिक पुर्वाधार तयार गर्ने उद्देश्यले स्थापना भएको ख्वप अस्पताल भवन निर्माण आयोजनाले आफ्नो कार्य विगत देखी चलि रहेको निर्माण कार्य चालु आर्थिक बर्षमा सम्पन्न गरेको छ ।

सैद्धान्तिक बेरुजु

८९.२ **आय व्यय विवरण/वासलात:**

| आय | | व्यय | |
|---|---|---|---|
| विवरण | रकम रु | विवरण | रकम रु |
| शुरु मौज्दात | ७७, १७ , ७३८।३० | बजेट खर्च | ५१, २३ , ७०८।०० |
| वैक व्याज | ७०, ७६५।९६ | बैंक मौज्दात | २६, ६४ , ७९६।२६ |
| जम्मा | ७७, ८८ , ५०४।२६ | जम्मा | ७७, ८८ , ५०४।२६ |

आयोजनाको वैक खाता नं १०६६०२८९१ को वैंक मौज्दात आयोजनाको श्रेस्ता अनुसार रु २९,२९,५०९।२६ रहेकोमा वैंक अनुसार रु २९,७४,५८२।२६ देखिएकोले फरक रकम एकिन गरी रु ४५०७३ हिसाव मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९० **ख्वप टेलिभिजनतर्फः**

९०.१ **परिचय:** ख्वप टेलिभिजन भक्तपुर नगरपालिकाद्वारा सञ्चालित एक सामुदायिक टेलिभिजन च्यानल हो। यसले स्थानीय समाचार, शैक्षिक कार्यक्रम, सांस्कृतिक सम्पदा, परम्परा र सामुदायिक गतिविधिहरूलाई प्राथमिकताका साथ प्रसारण गर्दै आएको छ। भक्तपुरको कला, भाषा, जात्रा तथा ऐतिहासिक धरोहरको संरक्षण र प्रवर्द्धनमा टेलिभिजनले महत्वपूर्ण भूमिका खेलेको छ। स्थानीय तहका नीति, योजना तथा सार्वजनिक सूचनालाई नागरिकसम्म पुर्‍याउने माध्यमका रूपमा यसले काम गर्दै आएको छ। समुदाय–केन्द्रित प्रसारण नीतिका साथ ख्वप टेलिभिजनले सूचना, शिक्षा र मनोरञ्जनलाई सन्तुलित रूपमा प्रस्तुत गरी स्थानीय सञ्चार क्षेत्रमा विशिष्ट पहिचान बनाएको छ।

सैद्धान्तिक बेरुजु

९०.२ **आय व्यय विवरण/वासलात:**

| आय | | व्यय | |
|---|---|---|---|
| विवरण | रकम रु | विवरण | रकम रु |
| शुरु मौज्दात | २७ ८२ ६४३।०० | बजेट खर्च | २६७५ ७४३।०० |
| नगरपालिकावाट निकासा | ७५ ०० ०००।०० | अन्तिम मौज्दात | ६ १४ ९३०।०० |
| व्याज आम्दानी | ४० ४५४।९० | | |
| जम्मा | १०३ २३ ०९७।९० | जम्मा | १०३ २३ ०९७।९० |

सैद्धान्तिक बेरुजु

९१ **थंथु दरवार पुनर्निर्माण आयोजना:**

९१.१ **परिचय:** थथु दरवार पुनर्निर्माण आयोजना भक्तपुरस्थित ऐतिहासिक दरबारको संरक्षण तथा पुनर्स्थापनासँग सम्बन्धित महत्वपूर्ण सांस्कृतिक परियोजना हो। २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त संरचनालाई परम्परागत नेवारी वास्तुकला शैली, मौलिक काठकला तथा इँटा–माटो प्रविधि प्रयोग गरी पुनर्निर्माण गर्ने उद्देश्यले यो आयोजना अघि बढाइएको हो। आयोजनाले सम्पदाको मौलिकता जोगाउँदै संरचनागत मजबुती, भूकम्पीय सुरक्षात्मक मापदण्ड र दीगो संरक्षणलाई प्राथमिकता दिएको छ। स्थानीय कारीगर, प्राविधिक तथा सरोकारवालाको सक्रिय सहभागितामा सञ्चालन भइरहेको यस परियोजनाले पर्यटन प्रवर्द्धन, सांस्कृतिक पहिचानको संरक्षण र स्थानीय अर्थतन्त्र सुदृढीकरणमा समेत योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

सैद्धान्तिक बेरुजु

९१.२ **आय व्यय विवरण/वासलात:**

| आय | | व्यय | |
|---|---|---|---|
| विवरण | रकम रु | विवरण | रकम रु |
| शुरु मौज्दात | १८७८५००१।०१ | बजेट खर्च | १५९००२४७।०० |
| नगरपालिकावाट निकासा | ५००००००।०० | बैंक मौज्दात | ९२७६०५७।३१ |
| वैक व्याज | १९१३०३।३० | | |
| गत बर्षको पेश्की | १२०००००।०० | | |
| जम्मा | २५१७६३०४।३१ | जम्मा | २५१७६३०४।३१ |

सैद्धान्तिक बेरुजु

९१.३ **भुक्तानी दिन बाँकीको कच्चावारी वेगर भुक्तानी:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरीद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ । गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी आयोजनाको गो भौ नं १९ मिति २०८१।११। १२ वाट थंथु दरवार पुननिर्माण उपभोक्ता समितिको पेश्की फछ्यौंट गर्दा विल रकम रु ६५७३६।९८ र डोर हांजिर रकम रु ३९७३००।०० गरी जम्मा रु ४६३०३६।९८ गत आर्थिक बर्षको विल संलग्न गरी भुक्तानी गरेको देखिन्छ । तसर्थ यस्तो भुक्तानी गर्दा बजेटमा व्यवस्था गरी भुक्तानी बाकीँको कच्चावारी प्रमाणित गराई खर्च लेख्नुपर्नेमा सो नगरी खर्च लेखेको नियमित नदेखिएको रु ४६३०३६।९८

| अनियमित भएको | ४,६३,०३७ |
|---|---|

९२ **भक्तपुर क्राफ्ट लिमिटेड तर्फः**

९२.१ **परिचय:** भक्तपुर क्राफ्ट लिमिटेड भक्तपुर नगरपालिकाद्धारा स्थापित एक उद्योग हो, जसले परम्परागत नेपाली हस्तनिर्मित कागज (लोक्टा पेपर) उत्पादन तथा प्रशोधन कार्य गर्दछ। यस कम्पनीले स्थानीय स्रोतसाधन र सीपलाई उपयोग गरी गुणस्तरीय कागज तथा कागजजन्य सामग्री उत्पादन गर्दै आएको छ। वातावरणमैत्री प्रविधि र दिगो उत्पादन प्रक्रियालाई प्राथमिकता दिँदै यसले स्वदेशी तथा अन्तर्राष्ट्रिय बजारमा नेपाली हस्तकला प्रवर्द्धनमा योगदान पुर्‍याएको छ। रोजगारी सिर्जना, महिला तथा स्थानीय समुदायको सशक्तीकरण र निर्यात प्रवर्द्धनमा कम्पनीको भूमिका महत्वपूर्ण मानिन्छ। परम्परा र आधुनिक प्रविधिको समन्वयमार्फत भक्तपुर क्राफ्ट लिमिटेडले नेपाली कागज उद्योगलाई सुदृढ बनाउन प्रयासरत छ।

सैद्धान्तिक बेरुजु

९२.२ **आय व्यय विवरण/वासलात:**

| आय | | व्यय | |
|---|---|---|---|
| विवरण | रकम रु | विवरण | रकम रु |
| शुरु मौज्दात | २४, ८८ , ४९२।९६ | बजेट खर्च | २३, ४७ , ७५७।३७ |
| नगरपालिकावाट निकासा | २५, ०० , ०००।०० | बैंक मौज्दात | २६, ५५ , ३७३।३४ |
| वैक व्याज | १४, ६३७।४५ | बढी दाखिला | ०।३० |
| जम्मा | ५०, ०३ , १३०।४१ | जम्मा | ५०, ०३ , १३०।४१ |

सैद्धान्तिक बेरुजु

९२.३ **रकम एकीकृत गर्नुपर्ने:** साविक भक्तपुर क्राफ्ट पेपर लिमिटेडको नाममा नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेडको चालु खाता नं २०६२६०० मा रहेको रु १२,२९६। ०० र नेपाल बैंक लिमिटेड वाग्लुङ्ग शाखामा रहेको रु ५,३००।६६ तथा धरौटी वापत हुलाक कार्यालयमा रहेको रु १,०००।००, नेपाल दुरसंचार प्राधिकरणमा रहेको रु ९,०००।०० र नेपाल खानेपानी संस्थानमा रहेको रु १,०००।०० भक्तपुर क्राफ्ट लिमिटेडमा नामसारी हुन बांकी रहेको देखिएकोले नामसारी गरी नियमित गर्नुपर्ने ।

सैद्धान्तिक बेरुजु

९३ **ख्वप अस्पतालतर्फः**

९३.१ **परिचय:** ख्वप अस्पताल भक्तपुरमा अवस्थित एक सामुदायिक स्वास्थ्य संस्था हो, जसले सर्वसाधारणलाई सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्छ। यहाँ आपतकालीन सेवा, मातृ तथा शिशु सेवा, विशेषज्ञ परामर्श, प्रयोगशाला, रेडियोलोजी तथा शल्यक्रिया सेवा उपलब्ध छन्। दक्ष चिकित्सक, आधुनिक उपकरण र बिरामीमैत्री वातावरण यसका विशेषता हुन्। अस्पतालले स्वास्थ्य बीमा सेवा स्वीकार गर्नुका साथै स्वास्थ्य शिविर र जनचेतना कार्यक्रम सञ्चालन गर्दै समुदायको स्वास्थ्य प्रवर्द्धनमा योगदान पुर्‍याउँदै आएको छ।

सैद्धान्तिक बेरुजु

९३.२ **आय व्यय विवरण/वासलात:**

| आय | | व्यय | |
|---|---|---|---|
| विवरण | जम्मा रु | विवरण | रकम रु |
| गतको नगद मौज्दात | | बजेट खर्च चालु | २६, १८ , ४७ , ५१५।९१ |
| चल्ती खाता ७०५१७७८ | १६, ७९ , ९९ , ४५६।६३ | बजेट खर्च पूजीगत | १२, ९१ , ५५ , ५७५।०० |
| अक्षयकोष खाता १०८७० | ४७, २९३।५० | ख्वप बहुप्राविधिक निर्व्याजी ऋण | ५०, ०० , ०००।०० |
| उपदानकोष खाता ९६६९६ | १, ०० , ०० , ०००।०० | अन्य खर्च | ३३, ९३ , ३५५।०० |
| नगरपालिका अनुदान | २, ५० , ०० , ०००।०० | मुद्धती खाता | ४४, ०० , ०००।०० |

| | | | |
|---|---|---|---|
| संघ प्रदेश शसर्त अनुदान | ५, २८ , ६३ , ०००।०० | वैंक मौज्दात १०८७ | १, १३ , ०१४।५१ |
| स्वास्थ्य सुरक्षा विमा सोधभर्ना | १७, ८७ , ९७ , ३४८।०० | वैंक मौज्दात ५१७७८ | १२, ६८ , ७९ , ४३५।२८ |
| नगदी रसिद आम्दानी | ९, ०९ , ५९ , २६५।३३ | वैंक मौज्दात १०७७९६६९६ | १, ०० , ०० , ०००।०० |
| वैंक व्याज ७०५१७७८ | २३, ४४ , ६०२।६१ | | |
| अन्य आम्दानी | ३३, १३ , ०१५।६२ | | |
| अक्षयकोष खाता मुद्धती परिपक्क | ४४, ०० , ०००।०० | | |
| वैंक व्याज १०८७० | ६५, ७२१।०१ | | |
| करकट्टी दाखिला | (८०७।०० ) | | |
| ख्वप बहुप्राविधिक निर्व्याजी ऋण | ५०, ०० , ०००।०० | | |
| जम्मा | 54, 07 , 88 , 895।7 0 | जम्मा | 54,07,88,895.70 |

सैद्धान्तिक बेरुजु

१३.३ **घरजग्गाको लगत:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०२ बमोजिम कार्यालय तथा निकाय बसेको घरजग्गाको लगत खडा गर्नुपर्ने व्यवस्था छ । अस्पतालले प्रयोग गरेको जग्गा नगरपालिकाको स्वामित्वमा रहे पनि सो जग्गामा अस्पतालले भवन वनाई अस्पताल संचालन गरिरहेकोले घरको लगत खडा गरी आम्दानी वांध्नुपर्नेमा सो गरेको नपाईएकोले जिन्सी खातामा आम्दानी बांधी नियम १०२ बमोजिम लगत खडा गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३.४
**औषधी खरिद कार्य:** IFB No : KH/MSI/01/081/82 Supply and Delivery of Medicine and Surgical Item को खरिद कार्य गर्दा लागत अनुमान तयार गर्न विभिन्न ६ वटा फर्म र गत सालको लागत अनुमानको रकमलाई आधार लिएर औसत लिएको छ । गतको लागत अनुमान हाल बोलपत्रमा भाग लिने अन्य ६ वटा फर्मको औषत भन्दा सवै आईटममा बढी रहेको देखिन्छ । गत सालको दरलाई आधार बनाई लागत अनुमान तयार गर्दा वोलपत्रको दर लिनुपर्नेमा लागत अनुमान दर लिईएको पाइयो । ।केही उदाहरणहरु यस प्रकार छन् :

| SN | Item Name | | | | Previous year Estimate | Others Firms | Average | Bidders rate | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 10% Dextrose 500/540 ml plastic nipple | 59.68 | | | 46/50 | | 51.89 | | 44.69 | | | |
| 2 | 5% Dextrose 500 ml plastic Nipple | | 44.28 | | | 36/40 | | 40.09 | | 38.08 | | |
| 3 | Acyclovir 800mg | | | | 33 | | | 16.88/23.28/20 | 23.29 | | 18.56 | |
| 4 | Albendazole 400mg/10ml suspension | 22.59 | | | 12/14/2018 | 16.65 | | 14.56 | | | | |
| 5 | Alfuzosin 10mg | | | | 16.81 | | | 14/15 | | 15.27 | | 7.34 |
| 6 | Aloevera 10%w/v+Calcium 8%w/v lotion | 204 | | | 193.1 | | 198.85 | | no bid | | | |
| 7 | Amoxycillin 200 mg+Clavulanic acid 28.5mg | 137.93 | | | 117/110 | | 121.64 | | no bid | | | |
| 8 | Bedesonide 400mgR/C | | | 301.4 | | | 248/265 | | 271.47 | | 239 | |
| 9 | Cholecalciferol 2000 IU | | | 21.27 | | | 14 | | 17.64 | | no bid | |
| 10 | Dextromethorphan HBr+Chlorpheniramine | 114.94 | | | 54/110 | | 92.98 | | no bid | | | |

अस्पतालले गतको लागत अनुमान रकमलाई चालु आ. ब. को औषधी खरिदमा लागत अनुमानको मुख्य आधार बनाईएकोले लागत अनुमान अस्वभाविकरुपमा बढ्न गएको छ भने बोलपत्रदातावाट पेश भएको कवोल रकम लागत अनुमानको दररेटकै हाराहारीमा भएको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

९३.५ **बीमा रकम सोधभर्ना सम्वन्धी:** अस्पतालले आर्थिक बर्ष २०८०।८१ मा विमावाट उपचार गरेको रकमको विमा प्राधिकरणवाट सोधभर्ना हुन बांकी रु १९,७३,४४,५७३।१७ रहेकोमा चालु आर्थिक बर्ष २०८१।८२ को कूल विमावाट सोधभर्ना प्राप्त गर्नु पर्ने रकम रु ३०,१२,५६,८३८।०० मध्ये चालु आर्थिक बर्षमा रु १७,८७,९७,३४८।०० सोधभर्ना भई आर्थिक बर्षको अन्त्यसम्म रु ३१,९८,०४,०६३।१७ सोधभर्ना लिन बाँकी रहेको देखिएकोले सो रकम यथाशिघ्र सोधभर्ना प्राप्त गरी नियमित गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

९४ **ख्वप अस्पताल मर्मत कार्य:**

अस्पतालको Construction and Maintenance of Existing OPD Block को उपभोक्ता समितिवाट कार्य गराउंदा देखिएको व्यहोराहरु निम्नुसार छन् ।

९४.१ **(क)** मर्मत कार्यको दक्ष तथा अदक्ष ज्यामी लगाउंदा भक्तपुर जिल्ला दररेटमा दक्ष कामदारको रु १,२२५।०० र अदक्ष कामदारको रु ९२०।०० रहेकोमा भक्तपुर नगरपालिकाद्धारा स्वीकृत दररेट अनुसार रहेको दक्ष कामदारको रु १,३००।०० र अदक्ष कामदारको रु १,०००।०० का दरले हिसाव गरी १,१३८ जना कामदारलाई भुक्तानी गरेको रकम रु १,१३,८०००।०० बढी व्ययभार परेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

९४.२ **(ख)** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम १ बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ को अवस्था परी खरिद सम्झौता बमोजिमको काम तेयस्तो सझौताको अवधी भित्र पुरा गर्न नसकिने भएमा सम्झौताको म्याद सकिनु २१ दिन अगावै सार्वजनिक निकायमा सम्सोधित कार्यतालिका सहित निवेदन दिनुपर्ने व्यवस्था भएकोमा उपभोक्ता समितिले Construction and Maintenance of Existing OPD Block को कार्यको सम्पन्न गर्नुपर्ने अवधी २०८१ पौष मसान्त रहेकोमा २१ दिन अगाडि निवेदन पेश नगरी २०८१ पौष २८ गते निवेदन पेश गरी संचालक समितिवाट २०८१ फाल्गुण मशान्तसम्म म्याद थप गरिएको सार्वजनिक खरिद ऐन नियम अनुकूल देखिएन ।

सैद्धान्तिक बेरुजु

९४.३ **(ग)** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले मुल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र गरेकोसंग खरिद गर्नुपर्ने उल्लेख भएतापनि अस्पतालले उपभोक्ता समितिवाट पेश्की फछ्यौट गर्दा मू.अ. कर लाग्ने तपशिल बमोजिमका समानको प्यान विजकमा मात्र भएका सेवा प्रदायकसंग कारोवार गरी भुक्तानी गरिएको रकम नियम संगत देखिएन ।

| विल मिति | फर्मको नाम | विल रकम रु | समानको विवरण | पान नं |
|---|---|---|---|---|
| २०८१।१०।२५ | सूर्य विनायक पाईप उद्योग | १८, ४४०।०० | फिटिंग पाइप | ३०५४९५३०७ |
| २०८१।११।१ | सूर्य विनायक पाईप उद्योग | १७, ५६०।०० | फिटिंग समान | ३०५४९५३०७ |
| २०८१।९।१ | ताजपुरिया ईलेक्ट्रिक वर्कसप | ८, ५००।०० | विद्युत समान | ६०३६५०१५८ |
| विभिन्न ६ विल | सुडाल ब्रह्मायणी सप्लायर्स | १, ०० , ०००।०० | वालुवा | ६०२८१५६९१ |
| २०८१।७।२६ | कुशल अल्मुनियम एण्ड युपिभिसी वर्कसप | २९, ०९७।०० | डोर पार्टेशन | ६१५७२०९८४ |
| जम्मा | | १, ७३ , ५९७।०० | | |

सैद्धान्तिक बेरुजु

९४.४ **(घ)** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को (३) (क१) अनुसार साठी लाख भन्दा माथीको लागत भएको कार्यमा उपभोक्ता समितिवाट कार्य गराउंदा प्रत्येक कार्य ईकाइमा उपभेक्ता समितिले गर्नुपर्ने योगदान वापतको रकम उल्लेख भएको देखिएन । सार्वजनिक खरिद नियमावलीको व्यवस्था अनुसार उपभोक्ताको योगदान समेत उल्लेख गर्नुपर्दछ ।

**(ङ)** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को उपनियम (३क) अनुसार उपभोक्ता समितिवाट बीस लाख रुपैया भन्दा बढी मुल्यको निर्माण कार्य गराउंदा सम्झौता रकममा विमा वापतको रकम समावेश गरी उपभोक्ता समितिले विमा गराउनुपर्ने व्यहोरा उल्लेख छ । अस्पतालले रु ८१,२७,५८५।२५ को निर्माण कार्यको सम्झौता गर्दा विमा गराएको पाईएन ।

**(च)** खरिद प्रकृया मितव्ययी र पारदर्शी बनाउन नापी गर्न सकिने आईटममा समेत लमसम दररेट राखी लागत अनुमान तयार गरिएकोले परिमाण गणना गर्न सकिने कार्यको आईटमको परिमाण र दर विश्लेषण गरी लागत अनुमान तयार गर्दा मितव्ययी र यथार्थपरक हुने गर्दछ ।

सैद्धान्तिक बेरुजु

९४.५ (छ) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) अनुसार उपभोक्ता समितिवाट कार्य गराउदा लागत अनुमान तयार गर्दा ओभरहेड समावेश गर्न नहुने उल्लेख छ । उपभोक्ता समितिको कार्यमा ओभरहेड समेत समावेश गरी लागत अनुमान बनाएकोमा लेखापरीक्षण अवधि सम्म कार्य सम्पन्न नभएको र भुक्तानी

नभएकोमा लागत अनुमानमा १५ प्रतिशत ओभरहेड रु ९,९३,५९८।२० समेत थप गरिएको पाईएकोले नियमसम्मत नभएको रु. ९९३५९८

| | |
|---|---|
| अनियमित भएको | ९,९३,५९८ |

९५ **ख्वप अस्पतालका थप वेहोराहरुः**

९५.१ **अक्सिजन प्लान्ट मर्मत कार्यः** अस्पतालले गो भा नं १७७ मिति २०८१।६।९ वाट अक्सिजन प्लान्ट मर्मत कार्य गर्न लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ को उपनियम (३) (ख) बमोजिम बजार दरलाई आधार मानी लागत अनुमान तयार गर्दा एउटा मात्र फर्म एक्पोएक्स नेपाल प्रा. लि. संग दररेट लिई रु ४,९१,८०४।०० को लागत अनुमान तयार गरिएको छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम तिनवटा फर्मसंग कोटेशन मांग गरी प्रेशित तिनवटा कोटेशन मध्ये न्युनतम मुल्याकित श्री एक्पोएक्स नेपाल प्रा लि को रु ४,९१,८०४।०० को दररेट मुल्याकन समितिवाट स्वीकृत भएको छ । लागत अनुमान तयार गर्दा न्युनतम तिनवटा फर्मसंग दररेट लिएर औषत निकाली दररेट कायम गर्नुपर्नेमा एउटा मात्र फर्मको दररेटको आधारमा लागत अनुमान तयार गरिएको नियमसंगत देखिएन । साथै जुन निकायवाट लागत अनुमान तयार गर्ने प्रयोजनका लागि दररेट लिईएको छ सोही फर्मसंग कोटेशन मांग गरी निजवाट उल्लेख गरिएको दररेट रु ४,९१,८०४।०० मा खरिद गरिएको व्यहोरा समेत नियम संगत देखिएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९५.२ **उपकरण खरिद कार्य:** अस्पतालले ठेक्का नं KH/GOODS/NCB/081/82/02 अन्तर्गत Procurement of Video Endoscopy System with Gastroscope and Nasopharyngolaryngoscope को खरिद कार्यमा हिमालयन मेडिकल टेक्नोलोजिज प्रा लि सँग रु ८५,५५,५५५।०० मा सम्झौता भई सिस्टम खरिद कार्य भएकोमा प्राविधिक स्पेशिफिकेशनमा उल्लेखित बार्षिक मर्मतको वारेमा उल्लेख नगरेको तथा Must submit test report IEC 60601-1 and IEC 60601-2 मा उत्तीर्ण नभएको फर्मसँग खरिद सम्झौता गरिएको र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को उपनियम ४ बमोजिम विमा गरेको पाईएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९५.३ **सिटी स्क्यान मेशिन खरिद कार्यः** अस्पतालले KH/GOODS/ICB/081/82/01 Supply Delivery Installation and Commissioning of 128 slices CT scan Machine ICB Contract मार्फत ठेक्का गर्दा सि टी स्क्यान मेशिन राख्ने कोठाको मर्मत र व्यवस्थापनको कार्य समेत समावेश गरी बोलपत्र आहान गरि East west Concern Private Limited संग अमेरिकी डलर ७,७८,९००।०० मा सम्झौता गरिएकोछ । खरिद प्रकृयामा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

**(क)** अस्पतालले सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५ बमोजिम बोलपत्रदाताको योग्यताको आधार तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ बमोजिम खरिद योजना नियमावलीको नियम ४७ अनुसारको बोलपत्र सम्वन्धी कागजात तयार गरी स्वीकृत गरेको पाईएन । साथै संलग्न Standard Bidding Documents मा मुल्यांकनको आधार (Evaluation Criteria) मा Technical Criteria, Domestic Preference, Adjustment Methods, Economic Criteria को छनौट नगरिएको । तथा Adjustment for deviation from the terms of payment , Spare parts and after sales service facilities, Performance and productivity of the goods, Operating and maintenance cost, Adjustment for Deviations in the Delivery and Completion Schedule, Adjustment for Deviations from the Terms of Payment, Minor Omissions or Missing Items को छनौट भएको पाइएन ।

**(ख)** सार्वजनिक खरिद ऐन, २०६३ को नियम ३९ नियम उपनियम १ र २ बमोजिम एजेन्टको विवरण तथा एजेन्टले पाउने कमिशनको अंक मुद्राको किसिम र भुक्तानी तरिका उल्लेख गरेको पाईएन । स्थानिय एजेन्टको कमिशन समेत विदेशी मुद्रामा भुक्तानी गरिएको देखिन्छ भने सिटी स्क्यान मेशिन खरिद कार्यको प्राविधिक स्पेशिफिकेशनको बुंदा नं १३.३ र १३.९ अनुसार सिटी स्क्यान मेशिन जडान गरिने अस्पतालको कोठाको फर्निचर तथा एसी सहित सम्पूर्ण कोठा तयार गर्नु पर्ने शर्त रहेकोमा सप्लायरवाट सिटी स्क्यान मेशिन जडान गर्ने कोठाको तयारी वापतको रकम नेपाली रुपैयामा तोकिनु पर्नेमा सो रकम समेत एकमुष्ट विदेशी मुद्रामा तोकिएकोले नेपालवाट अतिरिक्त विदेशी मुद्रा बाहिरेको देखिन्छ ।

**(ग)** पेश हुन आएका बोलपत्रको सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ नियमावली, २०६४ को नियम ६३ बमोजिमको बोलपत्रको व्यापारिक पक्षको मुल्यांकन गर्नुपर्ने व्यवस्था भए पनि सो गरेको पाईएन ।

**(घ)** अस्पतालले सिटी स्क्यान मेशिन राख्ने कोठाको लेआउट खर्च समेत विदेशी मुद्रामा उल्लेख गरिएको छ ।

**(ङ)** स्वास्थ्य मन्त्रालयको सचिवस्तरिय निर्णयानुसार च. नं. ३१८ मिति २०८२।७।२५ को पत्रवाट विरगंज भन्सार कार्यालयलाई भन्सार महशुल तथा मु. अ. कर छुट हुन पत्राचार गरी भन्सार तथा मु. अ. कर छुट लिईएको तथा समान सप्लाईको भुक्तानीमा रिटेन्सन मनी तथा अग्रिम कर कट्टी गरेको पाईएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९५.४ **धरौटी हिसाब:** अस्पतालको श्रेस्ता र बैंक अनुसारको मौज्दात फरक देखिएकोले फरक रकम रु ५,९८७।०० को बैंक हिसाव मिलान गरी प्रमाण पश गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९५.५ **पेश्की बाँकी:** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ बमोजिम कलेजको आर्थिक बर्षको अन्त्यसम्म पनि फछौंट हुन नसकी बांकी रहेको पेश्की फछौंट गर्नुपर्दछ ।

| क्र सं | मिति | पेश्की लिनेको विवरण | पद | वापत | रकम रु |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | २०८१।९।१६ | ख्वप अस्पताल पुरानो भवनमा विद्युतीय कार्य उपभोक्ता समिति | उपभोक्ता समिति | विद्युतीकरण | ६, ०० , ००० |
| २ | २०८२।३।२२ | रमिता कुम्पाख | स्टाफ नर्स | आमा सुरक्षा कार्यक्रम | ६०,००० |
| जम्मा | | | | | ६, ६० , ००० |

सैद्धान्तिक बेरुजु

९६ **विनायक विद्याश्रम:**

९६.१ **परिचय:** स्थानीय समुदायमा गुणस्तरीय, व्यवहारिक तथा सुलभ शिक्षा प्रदान गर्ने उद्देश्यले स्थापित श्री विनायक विद्याश्रम प्रा०ली० कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता न: १९७५६-०५९/०६० मिति २०५९ श्रावण २० गते प्राइभेट लिमिटेड रुपमा दर्ता भएको, हाल कम्पनी ऐन, २०६३ बमोजिम भक्तपुर नगरपालिका द्वारा सञ्चालित सामुदायिक शिक्षण संस्था हो। यसले सामुदायिक/संस्थागत बिद्यालय सञ्चालान गर्न २०६४ श्रावण २४ बाट अनुमति प्राप्त भएको छ भने भक्तपुर नगरपालिकाले शारदा क्याम्पस र शारदा माध्यामिक बिद्यालय खरिद गर्दा शारदा क्याम्पसको स्वामित्वमा रहेको जग्गामा बनेको भवनमा संचालित छ ।

सैद्धान्तिक बेरुजु

९६.२ **आय व्यय विवरण/वासलात:**

| आय | | व्यय | |
|---|---|---|---|
| विवरण | रकम रु. | विवरण | रकम रु. |
| यस वर्षको बैंक ब्याज | ९४२८।३२ | अग्रिम बैंक ब्याज कर | १४१४।२४ |
| मुद्धति धरौटि | २०००० | मुद्धति धरौटि | २०००० |
| नेपाल बैंक लि चालु खाता | ५३६२७।७३ | नेपाल बैंक लि चालु खाता | ६१६४१।८१ |
| माछापुच्छ्रे बैंक चालु खाता | १४४१४८।८० | माछापुच्छ्रे बैंक लि चालु खाता | १४४१४८।८० |
| जम्मा | ४०७२०४।८५ | | ४०७२०४।८५ |

| पूँजी तथा दायित्व | २०८२ आषाढ मसान्त | २०८१ आषाढ मसान्त |
|---|---|---|
| शेयर पूँजी | | |
| अधिकृत पूँजी (रु. १०० दरको ५००० थान) | 5,00,000.00 | 5,00,000.00 |
| जारी पूँजी (रु. १०० दरको ५००० थान) | 5,00,000.00 | 5,00,000.00 |
| चुक्ता पूँजी(रु. १०० दरको ३००० थान) | 3,00,000.00 | 3,00,000.00 |
| जगेडा कोष तथा अन्य कोष | - | - |
| अल्पकालीन ऋण | - | - |
